
Fig. 12. a-b: Category 3A. a: S.6, RO2, 5 YR 7/6, slip 2.5 YR 2/0, diam. 13; b: S. 6, RO2, 5 YR 7/8, slip 2.5 YR 5/8. diam. 14; c: Category 3B, S.4, RO1, 7.5 YR 8/2, slip 2.5 YR 4/8, diam. 13; d: Category 3C, S.4, RO2, 5 YR 7/6, slip 10 R 4/8, diam. 17; e: Category 3D. S.4, RO2, 7.5 YR 8/6, slip 2.5 YR 6/6, diam. 14.

Fig. 13. a-d: Category 3E. a: SU (21), RO2, 5 YR 7/6, slip 10 R 4/6, diam. 13; b: S.1, RO1, 7.5 YR 7/6, diam 15; c: S.4, RO2, 7.5 YR 8/6, slip 2.5 YR 5/8, diam 11; d: S.1, RO2, 7.5 YR 7/8, diam 18.

Fig. 14. a: Category 3F, S.4, RO3, 5 YR 7/8, slip 2.5 YR 4/8, diam 18; b: Category 3G, S.4, RO2, 5 YR 7/6, slip 5 YR 7/8, diam. 19; c: Category 3H, RO2, S.8, 5 YR 7/6, slip 2.5 YR 4/6, diam. 15; d: Category I, S.8, RO2, 5 YR 7/6, slip 2.5 YR 4/6, diam. 15.

Fig. 15. a-c: Category 3J. a: S.4, RO3, 5 YR 7/6, slip 2.5 YR 5/8, diam. 20; b: SU (37), RO2, 7.5 YR 7/6, slip 2.5 YR 5/8, diam. 17; c: SU (47), RO2, 7.5 YR 7/6, diam. 17.

Fig. 16. Other pottery shapes. a: SU (21), RO2, 5 YR 6/4, slip 2.5 YR 5/4, diam. 7, 5; b: S.7, RO1, 5 YR 7/6, slip 2.5 YR 4/8, diam. 4; c: SU (132), RO1, 5 YR 5/6, diam.

3, 5; d: S.7, RO1, 2.5 YR 7/8, diam. 6, 5; e: S.4, RO2, 5 YR 7/6 diam. 7; f: S.4, RO1, 5 YR 5/6, diam. 6.4 g: S.4, RO1, 5 YR 7/8, diam. 4; h: S. 6, RO1, 2.5 YR 7/8, diam. 10.

Fig. 17. Gray Ware. a: SU (21); b: S.1; c: SU (22); d: SU (21).

Fig. 18. Terracotta animal figurines. a: sporadic, probably bovid, lenght 9, 7; b: S. 4, horse, length 4, 3; c: S. 7, unidentified, length 4, 3.

Fig. 19. Small finds. a: S. 4, terracotta bead with a double perforation, diam. 2; b: S. 4, terracotta ball, diam. 3, 3; c: S.6, iron arrow head, length 6, 5; d: S.6, fragment of a silver or tin small vessel, base diam. 3, 2; e: sporadic, terracotta dabber, height 10, maximum diam. 9, 5.

FOOTNOTES

1) The team spent in Simraongarh about 4 weeks. The mission installed its basic facilities at the temple of Ramjanaki Mandir (Raniwas), where we arranged kitchen, bedrooms and working rooms.

We are very grateful to Mr. Tripathee and Mr. Tiwari, representatives of the Department of Archaeology, H. M. G. of Nepal, for their precious collaboration and friendship. Many thanks are also due to G. Buzzanca of the Instituto Central per il Restauro, Rome, for digitizing the maps of Figs. 1 and 2. Preliminary information on the fish remains was kindly provided by B. Compagnoni and T. Tagliacozzo of the Museo Preistorico etnografico 'L. Pigorini', Rome.

2) The analytical description of the specimens illustrated in Figs. 4-16 is reported in form of caption to the single Figures. The description of each illustrated specimen contains, in first place, a Category definition; the provenience, expressed in terms of surface Samples or Stratigraphic Units, in parentheses - e.g. SU (21) or S.2; the initials RO indicate the Red-Orange ware class, followed by a number (1 to 3) expressing a scale of texture, RO1 being the finer and RO3 the coarser. Then follows a colour value, coded according to the Munsell Charts: when the sherd is slipped, the first colour refers to the body, the second to the slip; and finally the mount diameter value (or, for the small finds, other meaningful measurements).

## BIBLIOGRAPHY

Cimino R. M. 1986, Simraongarh. The Forgotten City and its Art, *Contributions to Nepalese Studies*, 13,3,277-288.

Deo S. B. 1968, *Archaeological Investigations in the Nepal Tarai: 1964* Kathmandu.

Ghosh A. and Panigrahi K. C. 1946, Pottery of Ahichchhatra, District Bareilly, U. P., *Ancient India*, I, 37-59. New Delhi.

Lal B. B. 1954 and 1955, Excavations at Hastinapura and other Explorations in the Upper Ganga and Sutlej Basins 1950 52: New Light on the Dark Age Between the End of the Harappa Culture and the Early Historical Period. *Ancient India*, 10-11, 5-151. New Delhi.

Mitra D. 1972, *Excavations at Tilaurakot and Kodan and Explorations in the Nepalese Tarai.* Calcutta.

Mohynan E. 1979, *Paradise as a Garden in Persia and Mughal India.* New York.

Narain A. K. and
Roy T. N. 1977, *Excavations at Rajghat*, Part II. Varanasi.

Roy S. R. 1965, *Karian Excavations 1955.*, Patna.

Sharma G. R. 1969, *Excavations at Kausambi 1949-1950*. Delhi.

Sinha K. K. 1967, *Excavations at Sravasti-1959*. Varanasi.

Wagner G. 1988, Comparability among recovery techniques, in C. Hasdorf, V. Popper (eds.), *Current Palethnobotany: Analytical Methods and Cultural Interpretations of Archaeological Plant Remains*, University of Chicago Press, Chicago.




Fig 1




Fig 2




Fig 3




Fig 4




Fig 5




Fig 6




Fig 7



a



b



c






Fig 9




Fig 10




Fig 11




Fig 12




Fig 13




Fig 14




Fig 15




Fig 16




Fig 17




Fig 18




Fig 19

# दिगुतलेज्यू (पाटन)

—कुलचन्द्र कोइराला

नेपाल उपत्यकाभित्र मल्ल राजाहरूका तीन राज्य खडा भएपछि मल्ल राजाहरूले कुल देवता र इष्ट देवताको रूपमा मानिएका देवताको तीनै शहरमा स्थापना गरिनु अनिवार्य भयो। राज्यको भोग गर्न पाइने नपाइने कुरा, धार्मिक आस्था र विश्वासमा नै निर्भर मानिने त्यस युगमा, इष्टदेवताको पूजा वन्दनाभन्दा अलग्गै बस्न सक्ने कुरा संभव थिएन। अत: दैनिक पूजाआजा गरिने इष्ट देवताहरू दरबारको क्षेत्रभित्र नै स्थापना गरिन्थे।

भक्तपुर राज्यभन्दा कतिपय कारणले उत्तम मानिएको काष्टमण्डप शहर र त्यतिकै प्रसिद्ध ललितपुर शहरको राजा बन्न पुगेका रत्न मल्लको ख्याति यसै कारणले अरूकोभन्दा बढी भयो र उनले तुलजा भवानी-को मन्त्र बाबुबाट प्राप्त गरेको कुरा पनि रत्न मल्लको विशेष बल बुद्धिलाई इंगित गर्न चलेको अनुश्रुति हुन सक्छ।[1]

टोल टोलकै मालिक भएका वैश्य ठकुरी सामन्त-हरूको सामूहिक बलका अगाडि भक्तपुरका राजाको बल कमजोर थियो भने, पाटनको सामन्त कुल पनि त्यत्तिकै प्रभावशाली थियो। काठमाडौंका सामन्तहरू समाप्त गरी त्यसपछि भक्तपुरको राजगद्दीलाई माने तापनि स्वयंको शक्तिले भने बलशाली ठहरिएका पाटनका सामन्त भारदारलाई पनि वश गरी आफ्नो प्रभुत्व रत्न मल्लले जमाएका थिए।[2] यो निकै महत्वपूर्ण कुरा थियो।

रत्न मल्ल पछि काष्टमण्डप कै राजगद्दीलाई माने तापनि स्वतन्त्र राज्यकै जस्तो हर्ताकर्ता बनेका पाटनका वैश्य ठकुरी भनिने प्रधानहरूको प्रभुत्वलाई कुल्चिएर पुन: रत्न मल्लका पाँच पुस्ता पछि हुने राजा शिवसिंह मल्लले पाटनका सामन्तहरूलाई पूर्ण विजय गरी पाटनलाई आफ्नो अधीन गरे। छोरा ठाकुर सिंह र उनी पछि अर्को छोरा हरिहर सिंह मल्ललाई त्यहाँको शासक बनाए, जुन पछि छुट्टै राज्य नै बन्यो।

हरिहर सिंहका लक्ष्मीनरसिंह मल्ल, सिद्धि-नरसिंह र ऋद्धिनरसिंह मल्ल तीन भाइ छोरा थिए। जेठा लक्ष्मीनरसिंह काठमाडौंको गद्दीका हकदार हुँदा

१. भाषा वंशावली, भाग २, पृ. ५१ पं. देवीप्रसादद्वारा सं. पुरातत्व विभाग, नेपाल देशको इतिहास संग्रह, प्राचीन नेपाल, पृ. ५, अंक १७, काठमाडौं उपत्यकाको राज वंशावली, सम्पादक बालचन्द्र, प्राचीन नेपाल अंक ५, पृष्ठ ५।

२. राज वंशावली सं. बालचन्द्र, प्राचीन नेपाल पृ. ५, सं. ५, पुरातत्व विभाग— नेपालको इतिहास संग्रह, सं. रमेश जंग थापा, प्राचीन नेपाल, अंक १७, पृ. ५, भाषा वंशावली, भाग २, पृ. ५१, देवीप्रसाद लम्साल, पुरातत्व विभाग।

उनका भाइ सिद्धिनरसिंहलाई पाटनको सामन्त (शासक) को रूपमा शिवसिंह मल्लले नै नियुक्त गरेका थिए। सिद्धिनरसिंहकी आमा लालमती पनि आफ्ना छोरा सिद्धिनरसिंहका साथमा पाटनमा नै बस्दथिन्।

शिवसिंह मल्ल परलोक भएपछि काठमाडौंको गद्दीमा नेपाल सं. ७५१ तिर लक्ष्मीनरसिंह बसे। परन्तु वंशावलीको कथन अनुसार सिद्धिनरसिंह मल्ल ७४० मा नै पाटनको राजा भइसकेका थिए। इतिहासकार ज्ञवालीको कथन अनुसार भने ने. सं. ७६१ मा लक्ष्मीनरसिंह मल्ललाई जेल हाली प्रताप मल्ल काठमाडौंको गद्दीमा बसेपछि मात्र सिद्धि नरसिंह मल्ल पाटनमा स्वतन्त्र राजा भएको कुरा ज्ञात हुन्छ।[3] तर लक्ष्मीनरसिंह र सिद्धिनरसिंहको बीच ७४१ मा स्वतन्त्र राजाको रूपमा सन्धि भएको देखिनाले ज्ञवालीको तर्कमा बल छैन।[4]

पाटनका सामन्तलाई पराजित गरी राज्य हस्तगत गर्दा आफ्ना जेठा छोरा ठाकुर सिंहलाई शासक नियुक्त गरेका थिए।[5] त्यसैबेला तिर नै मल्लहरूले इष्टदेवताको रूपमा पूजा गरिने देगुली तलेज्यूको नाउँले प्रसिद्ध देवताको पूजा उपासना गर्नु आवश्यक भएकोले वंशावलीको कथन अनुसार दक्षिण भारतबाट आएका लम्बकर्ण भट्ट (लक्ष्मीनारायण भट्ट) गुरु थापी देगुतलेज्यूको पाटनमा मन्दिर बनाई स्थापना गरेका थिए।[6] परन्तु यो कथनमा पनि मितिचाहिं अशुद्ध छ।

ठाकुर सिंह परलोक भएपछि अर्को छोरा हरिहर सिंह मल्ललाई राजा बनाई पाटनको गद्दीमा आसीन गराए। यिनी काठमाडौंको गद्दीको पनि हकदार थिए तापनि पिता शिवसिंह मल्ल जीवित रहेकै बेलामा हरिहर सिंह परलोक भए।

वंशावलीको कथन अनुसार हरिहर सिंह मल्लकी जेठी रानीपट्टिका छोरा लक्ष्मीनरसिंह मल्ल थिए। माहिली र अर्की रानी लालमतीतिर सन्तान भइसकेका थिएनन्। हरिहरसिंह मल्लसंग सती जान तयार भएकी लालमतीलाई गर्भिणी भएको थाहा पाएर उनबाट छोरा, छोरी जे जन्मे तापनि पाटनको राजा बनाउने वचन दिएर शिवसिंह मल्लले सती जानबाट रोके।[7] पछि उनबाट सिद्धिनरसिंह मल्लको जन्म भयो र उनी समर्थ भएपछि पाटनको प्रशासक राजाको रूपमा बस्न थाले।

वंशावलीको उपर्युक्त कथनलाई इतिहासकारले पनि साँचो हुनुपर्छ भनेका छन्।[8] देवमाला वंशावलीको कथन अनुसार ने. सं. ७०४ (वि. सं. १६४०) मा गुरु लम्बकर्ण भट्टसंग सहमति लिई तन्त्रोक्त विधानले मन्दिर बनाई दिगुतलेज्यूको स्थापना गरेको कुरा उल्लेख गरेको छ[9] भने ज्ञवालीज्यू ने. सं ७०५ मा मात्र शिवसिंह मल्ल राजा भएको कुरा उल्लेख गर्नु हुन्छ।[10] परन्तु काठमाडौं-

---

३. नेपाल उपत्यकाको इतिहास, सूर्यविक्रम ज्ञवाली, पृ. १३३।

४. मेडियभल नेपाल, भाग ४ को पृ. ५६, डा. डिल्लीरमण रेग्मी।

५. नेपाल उपत्यकाको मध्यकालीन इतिहास, ज्ञवाली, पृ. १३२।

६. देवमाला वंशावली, पृ. ५५, योगी नरहरि गोरक्ष ग्रन्थमाला ८८ पुष्प– उपत्यकाको एक राज वंशावली, बालचन्द्र, प्रा., ने. सं. ५, पृ. १०, भाषा वंशावली भाग २; पृ. ५६, पुरातत्व विभाग।

७. उपत्यकाको एक राज वंशावली, सं. बालचन्द्र, प्राचीन नेपाल, सं. ५, पृ. १०–११, उपत्यकाको मध्यकालीन इतिहास, ज्ञवाली, पृ. १३२, एकेडेमी प्रकाशन।

८. उपत्यकाको मध्यकालीन इतिहास, ज्ञवाली, पृ. १३२, एकेडेमी प्रकाशन।

९. देवमाला वंशावली, पृ. ५५, योगी नरहरि, गोरक्ष ग्रन्थमाला।

१०, उपत्यकाको मध्यकालीन इतिहास, ज्ञवाली, पृ. १३०, एकेडेमी प्रकाशन।

को ने. सं. ६६६ को अभिलेखमा शिवसिंह राजा भइसकेका छन् ।[11]

यही मन्दिरलाई पछि ने. सं. ७४७ मा शिवसिंह मल्लका नाति श्री सिद्धिनरसिंह मल्लले ठूलो देवल बनाई पाँच तला भएको सुवर्ण लेपित छाना हाली ज्येष्ठ महीनामा प्रतिष्ठा गरेका थिए । पछि ने. सं. ७८३ (१७२० वि. स.) को कार्तिक शुक्ल दशमीका दिनमा आगलागी भई समाप्त भएकोले तत्कालीन राजा श्रीनिवास मल्लले ६ महीनाभित्र मन्दिर तयार गरी चार तला माथिको छानाचाहिं सुवर्ण मोलम्बा गरी तयार गरे भन्ने कुरा पनि केही वंशावलीले लेखेका छन् ।[12]

बालचन्द्र शर्माद्वारा सम्पादित एउटा वंशावलीमा भने, लम्बकर्ण भट्ट आई कुलेश्वरमा बसी कुलेश्वरी जगाउँदा काठमाडौंका काजीहरूले थाहा पाई उनलाई लगी शिवसिंह मल्लसंग भेट गराई दिएकोले उनलाई राजाले गुरु थापी उनैका सम्मतले काठमाडौं र पाटनमा दिगुतलेज्यूको मन्दिर बनाई स्थापना गरेको कुरा लेखिएको छ । परन्तु यो वंशावलीमा संवत् भने उल्लेख छैन ।[13]

यस्तै नेपाल देशको इतिहास संग्रह भन्ने अर्को वंशावलीमा पनि लक्ष्मीनारायण नामका, लम्बकर्ण भन्ने अर्को नाउँले प्रसिद्ध महाराष्ट्रिय भट्ट ब्राह्मण नेपाल आएका र कुलेश्वरमा बसेको थाहा पाई शिवसिंह मल्लले ल्याई गुरु बनाएको र उनकै मन्त्रका प्रभावले पाटनका वैश्य सामन्तहरूलाई वश गरी शिवसिंहका छोरा हरिहर सिंह मल्ललाई पाटनको राजगद्दी दिएको तथा उनले २१ वर्ष पाटनको राजा भई राज्य गरेको कुरा लेखिएको छ र उनैको सम्मतिमा काठमाडौं तथा पाटनका दिगुतलेज्यू मन्दिर निर्माण गरेको कुरा पनि छ ।[14]

भाषा वंशावली भाग २ मा दिगुतलेज्यूको ७६७ साल ज्येष्ठ कृष्ण द्वितीया उत्तर षाडा नक्षत्र बुधवारका दिन गजूर चढाएको कुरा लेखिएको छ । यसबेला राजा सिद्धिनरसिंह थिए ।[15]

उपर्युक्त विभिन्न वंशावलीका कथन अनुसार शिवसिंह मल्लकै पालामा दिगुतलेज्यूको पाटन तथा काठमाडौंमा पहिलो मन्दिर बनेको र देवताको स्थापना भएको कुरा मिले तापनि समय भने मिलेको पाइँदैन ।[16] त्यस्तै सानो मन्दिरको सट्टा पाँच तला भएको भव्य मन्दिरचाहिं राजा सिद्धिनरसिंह मल्लले बनाएको कुरा वंशावलीले लेखेका छन् ।

पाटनका शासक भएर रहेका पुरन्दर सिंहको अस्तित्व ज्ञवालीज्यूको कथन अनुसार ने. सं. ७१७ जेठसम्म पाइन्छ ।[17] यस्तै स्वयम्भू चैत्यमा रहेको ने. सं. ७२५ को अभिलेखमा जीर्ण भएको चैत्यको मर्मत गर्नको लागि मुनि बज्र नामक कुनै आचार्यले राजा शिव सिंहमा बिन्ती गरी उनको आज्ञाले स्तूपयष्टि विधिपूर्वक खडा गरी सुन्दर स्तूप निर्माण गरी ने. सं. ७१५ वैशाखको कृष्ण पक्षको पंचमीमा प्रतिष्ठा गरिएको कुरा उल्लेख छ ।[18]

---

११. मेडियभल नेपाल, भाग ४, पृ. ३३, डा. रेग्मी ।
१२. देवमाला वंशावली, पृ. ५५, सं. योगी नरहरि ।
१३. उपत्यकाको एक राज वंशावली, सं. बालचन्द्र, प्राचीन नेपाल, अं. ५, पृ. १०–११ ।
१४. देवमाला वंशावली, सं. योगी नरहरिनाथ पृ. ५५,
उपत्यकाको राज वंशावली, पृ. १०, भाषा वंशावली, भाग २, पृ. ५६ ।
१५. भाषा वंशावली, भाग २, पृ. ६२, लम्साल, पुरातत्व विभाग ।
१६. अभिलेख संग्रह, भाग ६ को अभिलेख, सम्पादक रामजी तिवारी, धनबज्र र अरु, प. १० को पाटन नासल चोकको अभिलेख ।
१७. नेपाल उपत्यकाको मध्यकालीन इतिहास, ज्ञवाली ।
१८. मेडियभल नेपाल, भाग ४ को पृ. ४६ को स्वयम्भूको अभिलेख ।

साथै त्यही पुण्यका प्रतापले पाटन जितेको कुरा पनि उक्त शिलापत्रमा लेखिएकोले ७१५ भन्दा अगाडि पाटन विजय भएको थिएन भन्ने कुरा थाहा पाइन्छ।

पूर्णिमा पूर्णाङ्क १२, पृ. २० मा शंकरमान राजवंशीबाट संकलन गरिएका पाटनका ताडपत्रका तमसूकमा ने. सं. ७१९ मा पाटनका राजा भनी शिवसिंह मल्लको उल्लेख भएको र ७२२ को तमसूकमा पनि शिवसिंहको नाउँ देखिएकोले ने. सं. ७१७ पछि ७१९ अघिको कुनै समयमा शिवसिंहले पाटनका राज्य हात लगाए भन्ने कुरा थाहा हुन्छ।[19] राज्य आफ्नै रेखदेखमा राखी पाटनको हाकिममात्र त्यो बेला उनले छोरा ठाकुर सिंहलाई बनाएको अनुमान हुन्छ। ठाकुर सिंह चाँडै परलोक भएकोले दोस्रो शासक युवराज हरिहर सिंह भएका देखिन्छन्।

स्वयम्भूको ७२५ को शिलालेखमा ७१५ मा जीर्णोद्धार गरी प्रतिष्ठा भएको स्वयम्भू चैत्य, बज्र परेर ध्वस्त भएकोले पुन: राजाज्ञा प्राप्त गरी शहरका धेरै व्यक्ति विहारका गुभाजुहरू मिलेर पुन:निर्माण गरिएको कुरा पनि उक्त शिलापत्रमा उल्लेख भएको छ। दोस्रो पटक ने. सं. ७२४ माघ शुक्ल पंचमीका दिन दोस्रो पटक प्रतिष्ठा गरिएको थियो।[20] दोस्रो पटकको जीर्णोद्धार कार्य युवराज हरिहर सिंहको प्रयत्नले धेरै धनी परिवार जुटाएर जीर्णोद्धार गर्न लगाइएको कुरा त्यस शिलापत्रमा परेकोले त्यसवेलासम्म हरिहर सिंह काठमाडौंमा नै देखिन्छन् र उनलाई युवराज भनिएकोले ठाकुर सिंह हरिहर सिंहका भाइ हुनुपर्ने कुरा पनि अनुमान हुन्छ। ने. सं. ७२५ सम्म ठाकुर सिंह जीवित नै भएको कुरा यस अभिलेखले अनुमान गर्न सकिन्छ।[21]

प्राप्त प्रमाणबाट ने. सं. ७१७ र ७१९ को बीच कुनै समयमा पाटनको राज्य हात लगाए पछि त्यस ठाउँको सुरक्षा निम्ति अंगरक्षक, भाइ भारदारका साथ लगाएर छोरा ठाकुर सिंहलाई त्यहाँको शासक बनाए। इष्टदेवताको रूपमा मल्ल राजवंशले दैनिक पूजा उपासना गरिने दिगुलितलेज्यूको राजदरबारको कुनै भागमा त्यसबेला आव्हान गरी पूजा गर्ने व्यवस्था मिलाइएको हो। किनकि देवताको मान्यता, पूजाआजा राजाहरूको निमित्त अनिवार्य नै थियो। सम्पूर्ण देवता र विभिन्न धार्मिक सम्प्रदायमाथि राजाको हैसियतले समान वर्ताव राखे तापनि आफ्ना कूल देवता एवं इष्टदेवता परम्परागत नै आएका हुन्थे, जसको नित्य नैमित्यिक पूजा पर्व गर्नु अनिवार्य हुन्थ्यो। अत: तलेज्यू नभए पनि दिगुलितलेज्यूको पूजाआजा पाटनको विजय पछि तुरुन्तै चलेको मान्न सकिन्छ। मन्दिर निर्माण भने तुरुन्तै हुन सकेन होला र पहिले सानो रूपमा नै मन्दिर बनाइयो होला।

ठाकुर सिंह चाँडै परलोक भए पछि ने. सं. ७२८ (वि. सं. १६६४) तिर हरिहर सिंहलाई पाटनको गद्दीमा राजा थापेको कुरा ज्ञवालीले उल्लेख गर्नु भएको छ।[22] पछि काठमाडौंको गद्दीको पनि हकदार यिनै भएकोले ठाकुर सिंहलाई पाटनको राजा घोषित गर्न कुनै बाधा थिएन। यसकारण, बाबुको जीवित अवस्थामा नै स्वतन्त्र राजाको रूपमा हरिहर सिंहको अस्तित्व वंशावलीकारले उल्लेख गरेका हुन्।[23]

वंशावलीले हरिहर सिंहले २१ वर्ष राज्य गरेको कुरा उल्लेख गरेका छन्। सिद्धिनरसिंह मल्लको राज्य प्राप्ति ने. सं. ७४० हो भन्ने कुरा पनि वंशावलीहरूले उल्लेख गरेका छन्।[24] ने. सं. ७२८ हरिहर सिंहको पाटनमा सिंहासनारोहण मान्ने हो भने, हरिहरको राज्यकाल

१९. पूर्णिमा, पूर्णाङ्क १२ को पृ. २० मा शंकरमान राजवंशीको संकलन।
२०. मेडियभल नेपाल, पृ. ४६, भाग ४, स्वयम्भूको अभिलेख, डा. रेग्मी।
२१. मेडियभल नेपाल अभिलेखको १७ पंक्ति, हरिहर युवराजा स्कंदरूपा।
२२. उपत्यकाको मध्यकालीन इतिहास, पृ. १३१, सूर्यविक्रम ज्ञवाली।
२३. नेपाल देशको इतिहास संग्रह, प्राचीन नेपाल, सं. १७, पृ. ६।
२४. नेपाल देशको इतिहास संग्रह, प्राचीन नेपाल, सं. १७, पृ. ६।

१२ वर्षको मात्र ठहर्छ । किन्तु ठाकुर सिंहको समय समेत गाभ्ने हो भने २१ वर्ष हुन्छ र यसबाट ७१६ को मध्यतिर मात्रै शिव सिंहले पाटन विजय गरेको अनुमान हुन्छ । वंशावलीले ठाकुर सिंहको नामोल्लेख नगरेको र हरिहर सिंहनै सम्पूर्ण राज्यको उत्तराधिकारी भएकोले पाटन विजयदेखि कै समय हरिहर सिंहका निम्ति वंशावलीमा जोडिएको हुनु पर्छ ।

नेपाल देशको इतिहास संग्रह भनी प्रकाशित वंशावलीमा ७४० आश्विन शुक्ल दशमीका दिन सिद्धिनरसिंहले राज्यारोहण गरेको कुरा लेखिएको छ ।[25] नें. सं. ७४१ माघ वदि चतुर्दशी शनिवारका दिन काठमाडौं तलेज्यूमा राजा लक्ष्मीनरसिंह मल्ल र राजा सिद्धिनरसिंह मल्लले एकानी शत्रु एकानी मित्र भनेर दुई स्वतन्त्र राजाको अस्तित्वलाई स्वीकार गरी धर्मपत्र लेखी तामापत्र तलेज्यूमा चढाएका छन् ।[26] यसबाट उपर्युक्त मितिमा सिद्धिनरसिंह मल्ल पाटनको राजा भएको कुरा समर्थन हुन्छ ।

वंशावली अनुसार ने. सं. ७४१ (वि.सं. १६७७) मा मत्स्येन्द्रनाथको मन्दिरमा एउटा सुवर्ण लेपित छाना चढाई सुनको गजूर चढाएको उल्लेख छ भने, दरबार चढाई दाँया बाँया नृसिंह पंचमुखी हनुमान् गणेशको मूर्ति स्थापना गरेको तथा देगुलितलेज्यूको मन्दिर पनि पाँच तलाको बनाई ७४७ ज्येष्ठ कृष्ण द्वितीया उत्तरा नक्षत्रमा सुनको छाना छाएर गजूर राखेको कुरा उल्लेख भएको पाइन्छ ।[27]

राजा महेन्द्र मल्लद्वारा भव्य र कलात्मक तुलजाको मन्दिर काठमाडौंमा बनेको थियो । शिवसिंह मल्लले दिगुलितलेज्यूको मन्दिर बनाएको कुरा भाषा वंशावलीमा उल्लेख भएकोले र त्यसलाई गुठी राख्ने पहिला राजा शिवसिंह मल्ल हुन् भन्ने कुरा अन्य अभिलेखद्वारा पनि प्रमाणित भएकोले वंशावलीको कुरा मान्नु पर्ने भएको छ ।[28] स्वतन्त्र राजसत्ता कायम भए पछि काठमाडौंको प्रतिस्पर्धामा पाटनमा पनि तलेज्यू दिगुलितलेज्यू, नृसिंह, हनुमान्, गणेश आदिको मूर्ति स्थापना गर्नु दरबारको अंग प्रत्यंगको पनि वृद्धि गरेर तदनुरूप नै बनाउनु वा अन्य विशिष्टताले युक्त गर्नु स्वाभाविक थियो र यस्ता कार्यहरू भए पनि ।

काठमाडौंको देगुतलेज्यू मन्दिरको उचाइ ६२ हात लेखिएको छ भने उक्त कागजमा पाटन देगुलितलेज्यूको उचाइ ६४ हात लेखिएको छ ।[29] यसबाट राजाहरूको प्रतिस्पर्धामा मन्दिर निर्माण भएको कुरा पनि जान्न सकिन्छ र पाटनको कलात्मक कृष्ण मन्दिरको निर्माण गर्दा ईर्ष्यावंश राजा प्रताप मल्लद्वारा विघ्न पार्न खोजिएको कुरा किम्वदन्ती एवं वंशावलीबाट पनि थाहा हुन्छ ।[30] यसरी अनेक सुखदुःख, युद्ध अशान्तिका बाधा विरोधहरू झेल्नु परे पनि मठ मन्दिरको कलात्मक प्रतिस्पर्धाले राजधानीको शोभा बढाएर राज्य गौरव कायम गर्ने मल्ल राजाहरूको यशस्वी कार्यले नै नेपालको पुरातात्विक मूल्यले विश्वलाई आज पनि प्रभावित गर्न सकेको छ ।

राजा सिद्धिनरसिंह मल्लको जन्म ने. सं. ७२६ आषाढ (वि. सं. १६६२) मा भएको थियो ।[31] उनी

२५. नेपाल देशको इतिहास संग्रह, प्राचीन नेपाल, सं. १७, पृ. ९, पुरातत्व विभाग, भाषा वंशावली, भाग २, लम्साल, पृ. ६१, पुरातत्व विभाग ।

२६. मेडियभल नेपाल, भाग ४, पृ. ५६–५७, डा. रेग्मी ।

२७. नेपाल देशको इतिहास संग्रह, प्राचीन नेपाल, पृ. ९, देवमाला वंशावली, पृ. ५५, योगी नरहरि ।

२८. हनुमान्ढोका राजदरबार, पृ. ७२ को टिप्पणी गौतमबज्र बज्राचार्य ।

२९. हनुमान्ढोका राजदरबारको परिशिष्ट नं. ८०, गौतम बज्र, पृ. १७३ ।

३०. नेपाल देशको इतिहास, पृ. १०, प्राचीन नेपाल, सं. १७, पुरातत्व विभाग, भाषा वंशावली, भाग २, पृ. ६२–६३, पुरातत्व विभाग, राज वंशावली, पृ. १३, सं. बालचन्द्र, प्राचीन नेपाल, सं. ५ ।

३१. मेडियभल नेपाल, भाग ३ को पृ. १२५, ठ्यासफु, डा. रेग्मी ।

१४ वर्षको उमेरमा पाटनका राजा भएका देखिन्छन् । माथि वंशावलीमा भनिए अनुसार ७४७ मा दिगुतलेज्यू समेतका मन्दिर बनाएको चर्चा भए तापनि समय मिलेको देखिंदैन । भाषा वंशावली भाग २ मा देगुतलेज्यू मन्दिर बनेको ७६७ ज्येष्ठ कृष्ण द्वितीया भन्ने उल्लेख भएको छ । परन्तु, पाटन दरवारको नासल चोकमा रहेको शिलापत्र-द्वारा मन्दिर बनाएर प्रतिष्ठा गरेको मिति ७६१ (वि. सं. १६९७) फाल्गुण कृष्ण द्वितीया भएको ज्ञात हुन्छ ।[32] कोटी होम समेत गरी यो पाँचतले मन्दिरको गजूर राखी प्रतिष्ठा गर्दा दुइटा इनार, विष्णुको एउटा ढुङ्गाको मन्दिर समेत निर्माण गरेर संगै प्रतिष्ठा गरेका थिए भन्ने कुरा पनि शिलापत्रबाट ज्ञात हुन्छ ।[33]

यस्तै भाषा वंशावलीमा गणेश, नृसिंह, हनुमान्‌को मूर्ति बनाई स्थापना गरेको दिन पनि ७६७ वैशाख कृष्ण भनेर लेखिएको छ ।[34] शिलापत्रमा भने यी विषय परेका छैनन् । संभवतः निर्माण कार्य सकी एकै पटक कोट्याहुती र प्रतिष्ठा कर्म गरेको होला भन्न सकिन्छ ।

दरवार बाहिरको पटाङ्गिनी मंगलबजारमा काशीका विश्वनाथ कै प्रतिमूर्ति स्थापना गरी कृष्ण मन्दिरसंग बायाँपट्टि बनेको विश्वेश्वर मन्दिरमा रहेको शिलालेखबाट विश्लेशर मन्दिर बनाई ने. सं. ८४७ माघ शुक्ल पंचमीका दिन प्रतिष्ठा गरेको कुरा थाहा पाइन्छ ।[35] यही ७४७ को प्रतिष्ठाको भ्रममा दिगुतलेज्यू पनि प्रतिष्ठा गरेको कुरा केही वंशावलीले उल्लेख गरेका छन् । प्रत्येक वर्ष केही न केही धार्मिक कार्य एवं कलात्मक विकास गर्दै जाने प्रवृत्ति तत्कालीन राजाहरूको देखिन्छ । देवमाला वंशावलीको कथनमा उक्त देगुतलेज्यूको पाँचतले मन्दिर ७८३ साल कार्तिकमा आगलागी भएकोले ६ महिनाभित्र राजा श्रीनिवास मल्लले मर्मत गरी चारतला माथिल्लो छानाचाहिं सुवर्ण मोलम्वा गरी बनाएको कुरा उल्लेख भएको पाइन्छ ।[36] दिगुतलेज्यू मन्दिरमा आगलागी भएको किम्वदन्ती पनि त्यस भेगमा प्रशस्तै चलेको पाइनुले उक्त वंशावलीको कथनमा सत्यताको आभास पाइन्छ । परन्तु, यसका अन्य ठोस प्रमाण भने खोजीकै विषय भएको छ ।

प्राचीनकालमा बनेका कतिपय मन्दिरहरू काल-क्रमले जीर्ण हुनु, पुनरूद्धार हुन नसक्नु आदिले गर्दा आज तिनको अस्तित्व पाइँदैन । परन्तु दरवारका क्षेत्रभित्र पर्ने मन्दिरहरूचाहिं समयले जीर्ण भएपनि प्राकृतिक कारणले ध्वंश भएपनि पुनरूद्धार गरिए र सकेसम्म साविककै अवस्थामा राखिने प्रयासहरू भए र साथै साना मन्दिरलाई ठूलो बनाउने र ठूला मन्दिरलाई पनि कलात्मक झ्याल ढोका एवं स्वर्णिम छानाहरू लगाई सुन्दर र मूल्यवान बनाएको देख्न पाइन्छ ।[37] महेन्द्र मल्लले बनाएको तुलजा मन्दिर र शिवसिंहलाई मल्लद्वारा निर्मित देगुलितलेज्यू मन्दिर, काठमाडौंलाई राजा प्रताप मल्ल र अरू पछिका राजाले विभिन्न वस्तुले सिंगार्ने काम गरे ।[3]

काठमाडौं उपत्यका क्षेत्र बराबर भूकम्पले पीडित रहने गरेको कुरा प्राचीन वंशावलीद्वारा थाहा पाइन्छ । यसकारणले पनि ज्यादै पुराना मन्दिरहरूको तात्कालिक रूप आज देख्न पाइन्न । १८९० सालको भूकम्प पनि निकै ठूलो थियो भन्ने कुरा थाहा पाइएको

---

३२. मेडियभल नेपाल, भाग ४, पृ. ७१–७२, पाटन दरबार भण्डारखाल अभिलेख, अभिलेख संग्रह, भाग ६ को पृ. १०, नासलचोक, पाटन दरबार ।

३३. मेडियभल नेपाल, भाग ४, पृ. ७१–७२, पाटन दरबार, भण्डारखाल अभिलेख, अभिलेख संग्रह, भाग ६ को पृ. १०, नासलचोक, पाटन दरबार ।

३४. भाषा वंशावली, भाग २ को पृ. ६२, लम्सालद्वारा पुरातत्व विभाग ।

३५. अभिलेख संग्रह, भाग ६ को पृ. ९, रामजी तेवारी समेत ।

३६. देवमाला वंशावली, पृ. ५५, योगी नरहरिनाथ ।

३७. राजा प्रताप मल्लद्वारा सिंगारिएका काठमाडौं तलेज्यू र देगुतलेज्यू ।

३८. राजा नृपेन्द्र पार्थिवेन्द्र आदि ।

छ र १९९० सालको भूकम्पद्वारा निकै ठूलो विनाश भयो। यसपछि सानाको ठूलो बन्नुको सट्टा ठूलाको सानो रूप, कलात्मकको साधारूप र केही शैलीको परिवर्तन पनि देखन पाइन्छ। तर भूकम्पका ८।१० वर्षभित्रमा जीर्णोद्धार भने भइसकेको कुरा अनुसन्धानबाट थाहा हुन्छ। १८९० मा पाटनका मन्दिरहरू के भए, त्यो कुरा खोजीकै विषय छ। १९९० सालमा भने ठूला मन्दिर-हरूका केही भाग ध्वस्त भएको कुरा थाहा हुन्छ।[39]

काठमाडौं दिगुलितलेज्यूको मन्दिर माथिल्लो छाना तला भत्कियो भने पाटन दिगुतलेज्यूको मन्दिरको माथिका तीन तला देवल भत्क्यो र देवल समेत पुरिएको कुरा वंशावलीले लेखेको छ। यो मन्दिर १९९५ सालमा तत्कालीन प्रधानमन्त्री श्री ३ महाराजा जुद्धशमशेरले जीर्णोद्धार गरे। जगैदेखि मन्दिरको नव निर्माण नै गरी ९५ साल ज्येष्ठ १९ गते बुधबार प्रतिष्ठा गरेको कुरा देवमाला वंशावलीमा उल्लेख छ। यसरी जगैदेखि पुनः निर्माण गर्दा प्राचीन शिल्पविधामा के कति अन्तर परेको छ, त्यो अनुसन्धानकै विषय हो। किन्तु राजदरबारभित्र-को विशेष मन्दिर भएकोले पहिलेकै आकार प्रकारमा निर्माण गर्ने प्रयत्न भएको हुनुपर्छ।[40]

---

३९. ९० सालको भूकम्प, ब्रह्मशमशेर ज. ब. रा., दोश्रो सं.।

४०. देवमाला वंशावली, पृ. ५५, योगी नरहरि, गोरक्षमाला प्रकाशन।

# नाला (उग्रचण्डी) भगवती मन्दिर : केही जिज्ञासा

–प्रकाश दर्नाल

## ऐतिहासिक पृष्ठभूमि

हाम्रो धार्मिक समाजमा भगवतीको स्थान असीमित र अद्वितीय छ। वैदिक युगदेखि नै भगवतीको महत्त्वपूर्ण स्थान रहेको पुष्टि हुन्छ। भगवतीको अनेक रूपहरूमध्ये दुर्गा, उमा, देवी, पार्वती, गौरी, चामुण्डा, काली, कुमारी तथा तुलजा नेपालमा युगौंयुगदेखि नै प्रसिद्ध रहिआएको छ। यस बाहेक भगवतीलाई शक्ति, मातृका, नवदुर्गा, दश महाविद्या तथा उग्रचण्डीको रूपमा पनि पुजिन्छ।

बनेपा नगरपालिकादेखि उत्तर करीब आधा घण्टा हिंड्यौं भने चारतल्ले भव्य मन्दिर टाढैबाट दृष्टिगोचर हुन्छ। यो मन्दिर उग्रचण्डी भगवतीको हो। तर पनि यो नाला भगवतीको मन्दिरको नामले लोकमा विख्यात छ।

पूर्वमा नन्दीमती, पश्चिममा पुण्यवती खोलाद्वारा सिंचित नालाको उत्तरमा गुप्त वाल्मीकिश्वर पर्दछ। यसैको दोसाँधमा 'गोपा ध' नामक पानीको ढल छ। कतै यो ढलसंग गोपालवंशी राजाहरूको सम्बन्ध त थिएन ? भन्ने तर्क उठ्न सक्छ।

नाला प्राचीनकालमा नालङ्ग्रामले प्रसिद्ध थियो। नालङ्ग्रामले किराँती भाषाको बोध गराउने भएकोले यो गाउँ किराँतीकालमै प्रमुख गाउँहरूमध्ये एक भएको अनुमान हुन्छ। नाला भगवती नजीकै रहेको लिच्छवि राजा शिवदेवको संवत ११८ को अभिलेख सहितको ढुङ्गेधाराले यसबारे स्पष्ट पारेको छ।

१. ॐ संवत ११८ ज्येष्ठ शुक्ल दशम्याम राजाधिराज श्री शिवदेवस्य् राज्यम्

२. उपरिमनालङ्ग ग्रामस्योपभोगमं तत्रैव ग्रामधिवासी हूँध्रुवशीलस्य्

३. तद्भ्राता हूँअणङ्गशील सहितेन पुण्याधिकार प्रणाली कृतम् ।[1]

(ॐ संवत ११८ ज्येष्ठ शुक्ल दशमीको दिन महाराजाधिराज श्री शिवदेवको राज्यमा उपरिमनाङ्ग-ग्रामको भोगचलनको लागि त्यही ग्राममा बस्ने हूँ ध्रुव-शील र तिनका भाई हूँ अनङ्गशीलले समेत भई यो पुण्य दिने धारा बनाइएको हो।)

प्राचीन नेपालमा प्रकाशित राजवंशावलीमा

---

१. सम्पा. धनवज्र बज्राचार्य– 'लिच्छविकालका अभिलेख २०३०'– नेपाल र एशियाली अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय, काठमाडौं, पृ. ५१२।

नाला भगवतीबारे एउटा रोचक जानकारी पाइन्छ।[२]

"तहापछि रानीले पनि अति धर्मवती भैं प्रजा पालन गरी लोकमा धन्य धन्य कहलाई कीर्तिहरू धेरै गरी अनेक देवता स्थापन र नवसागर भगवती स्थापित गरी आफ्नू नाउबाट प्रकाश गर्दी भयिन्। ती भगवती वस्ती भन्या पलांचोक भगवती १, नक्साल भगवती २, स्वभा भगवती ३, नवसागर भगवती ४, यी चारै भगवतीको मूर्ति एकै कालीगढले वनायाको हो। पलांचोक भगवती बनाइसक्दा त्यस्तै भगवती अन्त बनाउला भनि (त्यसका) दुवै हातको दुवै अंगुल कलम गरी दिया। तैपनि नालाको भगवती वनाया र एक हातै काटियो। त्यसपछि स्वभा भगवती वनायो र दुवै हाल कलम गरि दिया। दुवै हात कलम गर्दा पनि नवसागर भगवती वनायो र नवसागर रानी खुशी भै 'धन्य कालीगढ' भनि त्यसलाई धेरै धन दिई निहाल गरायिन् यसपछि केही कालमा नवसागर रानी आदि सबै उद्धार भै गया।"

आनन्द मल्ल (देव) ले वि. सं. ११५३ मा भक्तपुर सहित बनेपुर (बनेपा), पनौती, नाला भगवती, धौखेल (धुलिखेल), खडपु, चौकोट र साँगा बसाएको उल्लेख भाषा वंशावली भाग २ को पृष्ठ २० मा छ।[३] तर "भक्तपुर वि. सं ९८१ मा नै नामाकरण भइसकेको र वि. सं. ११५३ मा नेपालमा हर्षदेवको राज्य भएको प्रमाण पनि पाइएकोले वंशावलीको कुरा नमिलेको पनि देखिन्छ," भनी स्पष्ट पारिएको छ।

गोपाल राजवंशावलीको पृष्ठ ८७ मा "ने. सं. २१६ (वि. सं. ११५६) वैशाख कृष्ण पञ्चमी उत्तराषाढा नक्षत्रको दिन श्री सिंहदेव परमेश्वरका छोरा श्री आनन्द देवको जन्म भयो। ६८ वर्षको उमेरमा अस्त भयो," भनी उल्लेख गरिएको छ।[४]

नेपालको ऐतिहासिक रूपरेखाको पृष्ठ ११६ मा "सिंहदेव र नरेन्द्रदेव एकै हुन्। आनन्ददेवले ने. सं. २७५ देखि २८६ (११५५–११६६ ई.) सम्म राज्य गरेका थिए" भनिएको छ।[५]

भुवनलाल प्रधानले 'नेपाल संवत : नेपाली संस्कृतिको अभिन्न अङ्ग' नामक लेखमा तीनजना आनन्द देवको उल्लेख गरेका छन्।[६]

"जयदेव तृतीयका भाइ आनन्ददेव प्रथमले वि. सं. ९३० मा शहरलाई भक्तपुर नाम राखी वस्ती स्थापित गरी राज्य गरे।

आनन्ददेव द्वितीय नृसिंहदेवका द्वितीय पुत्र थिए। यिनले उपत्यकामा ने. सं. २६७– २८७ अर्थात् वि. सं. १२०३–१२२३ सम्म राज्य गरे।

आनन्ददेव तृतीय भीमदेवका छोरा थिए। यिनले ने सं. ४२८–४४० (वि. सं. १३६५—७७) सम्म शासन गरे।"

यस तथ्यबाट नाला शहर आनन्ददेव प्रथमले नै दशौं शताब्दीमा स्थापना गरेको देखिन आउँछ।

भक्तपुरसंग गाँसिएर रहेको नालालाई पृथ्वीनारायण शाहले साके १६८५ मासे ७ दिन गता १४ रोज ५ मा अर्थात् २७ अक्टोबर १७६३ ई. मा विशाल नेपालमा मिलाएका थिए।[७]

२. सम्पा. बालचन्द्र शर्मा– 'काठमाडौं उपत्यकाको एक राजवंशावली', प्राचीन नेपाल, संख्या ४—२०२५, पृ. ७।
३. पं. देवीप्रसाद लम्साल– भाषा वंशावली, भाग २–२०२३, शिक्षा मन्त्रालय, पुरातत्त्व विभाग, नेपाल राष्ट्रिय पुस्तकालयबाट प्रकाशित, काठमाडौं, पृ. २०, २१।
४. धनबज्र बज्राचार्य, कमलप्रकाश मल्ल– 'गोपाल राजवंशावली, १९८५', नेपाल रिसर्च सेन्टर, काठमाडौं, पृ. ८७।
५. बालचन्द्र शर्मा– 'नेपालको ऐतिहासिक रूपरेखा, २०३२', कृष्णकुमारी देवी, वाराणसी १, पृ. ११६।
६. भुवनलाल प्रधान— गोरखापत्र, शनिवार परिशिष्टाङ्क, २०४८, कार्तिक १६ गते।
७. बाबुराम आचार्य– श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाह, भाग ३, २०३५, श्री ५ महाराजाधिराजका प्रमुख सम्वाद सचिवालय, राजदरबार, नेपाल, पृ. ४४२।

## नाला भगवती मन्दिर

नाला शहर प्रवेश गर्नासाथ देखिने चारतले भगवती मन्दिर गाउँको सबभन्दा उच्च स्थानमा अवस्थित छ। यो मन्दिर नाला लागनटोल, वडा नं. ४ काभ्रे-पलाञ्चोक जिल्लामा पर्दछ। दक्षिणतर्फ फर्केको यो मन्दिर पुग्न ढुङ्गाको पाँच खुड्किला उक्लेपछि कछुवा आसन भएको तीनवटा प्रस्तर स्तम्भ देखिन्छ। पहिलो प्रस्तर (क्रमशः पश्चिमदेखि) माथि (वि. सं. २०१६) एउटा सानो ढलौटको सिंह, बीचको प्रस्तरमाथि (वि. सं. १६०८) ठूलो ढलौटको सिंह र तेश्रो प्रस्तरमाथि (वि सं. १९९४) ढलौटकै मयूर सबै मन्दिरतिर अभि-मुख भएर रहेको छ।

मन्दिरको चारैतिर दुई तह पेटी लगाइएको छ। पेटीबाट मन्दिर प्रवेश गर्नु अघि दुई ठूला ठूला प्रस्तरका सिंहहरू द्वारपालको रूपमा देखिन्छ। प्रस्तरका सिंहहरू नजिकै दुई प्रस्तरका स्तम्भहरू छन्। ती स्तम्भहरूमाथि दुई ढलौटका सिंहहरू ढलौटकै ध्वजाहरू लिएर उभिएका छन्। यिनै स्तम्भहरूको मध्यभागमा तामाको षटकोण भएको मण्डल छ। यो मण्डलमा ने. सं. ६८३ लेखिएको छ। मण्डल संगैका दुई काठका पित्तलले मोरेको थामहरू कलात्मक छन्। यसै थाममाथि तीनवटा तोरणहरू छन्, जसमध्ये बीचको तोरण पित्तलको र अन्य दुईवटा काठका छन्। यसैगरी मन्दिरको प्रदक्षिणा पथबाट भगवतीको मूर्तिसम्म जाने द्वारमा पनि दुईवटा स-साना ढलौटका सिंहहरू स्थापना गरिएका छन्। यस गर्भगृहको द्वार कलात्मक पित्तलको छ। द्वारमाथि धातुको कलात्मक तोरण छ। त्यस्तै मन्दिरको दायाँ बायाँ दुवै तर्फ प्रस्तरको चौकोसमा ठूलठूला घण्टाहरू राखिएका छन्। दक्षिण पश्चिमको घण्टा २००८ सालमा 'सेते दमाईको गोपी दमाईले' राखेको देखिन्छ भने दक्षिण-पूर्वको घण्टा ने. सं. ८८२ मा रणजित मल्लले स्थापना गरेको देखिन्छ।

मन्दिरको बाहिरी पर्खालको रूपमा सोह्रवटा काठका कलात्मक थामहरू रहेका छन्। यी थामहरू र मन्दिरको गर्भगृहको बीचमा ३ हात जमीन रहेको छ, जुन प्रदक्षिणा पथको रूपमा प्रयोग भइरहेको छ। मन्दिरको गर्भगृह भने पाको इँटाको गारोबाट नै निर्माण भएको छ। गर्भगृहको बाहिरी भागमा भित्ते चित्रहरू कुँदिएका छन्। यसै गर्भगृहको भित्रको उत्तरपट्टिको पर्खालमा अठार हात भएकी उग्रचण्डी नाला भगवतीको प्रस्तर मूर्ति रहेको छ। सुरक्षाको दृष्टिले थामहरूमा ग्रिल लगाइएको छ। थामहरूको चारैतिर र गर्भगृहका चारैतिर बत्ती बाल्ने दियोहरू राखिएका छन्।

प्रस्तरको अठार हाते भगवतीको मूर्ति भनिए तापनि अहिले दायाँपट्टि नौ हात र बायाँपट्टि पाँच हात मात्र देखिन्छ। बाँकी चार हातहरूको पाप्रा उप्किएको हुँदा देखिँदैन। यो मूर्ति ८० से. मी. अग्लो र ६० से.मी. चौडाइको छ। मूर्तिको दायाँ गोडानिर दैत्य, दैत्यमाथि, शिव र दायाँ गोडाले सिंहलाई टेकेको, शिरको दायाँ बायाँ दुई गणिकाहरू छन्। धातुको प्रभामण्डलमा मूर्तिलाई सजाइएको छ। प्रभामण्डलमाथि धातुको तोरण र छत्र छ। उग्रचण्डी भगवतीको सामुन्ने दुई ढलौटको स-साना सिंहहरू पनि छन्।

भगवतीको दायाँतिर अष्टमातृकाको रूपमा शिला-हरू छन्। गणेशको मूर्ति पनि छ। भित्तामा दुई स-साना प्वालहरू छन्। यिनलाई हनुमान् जोडी भनेर पूजा गर्दछन्। त्यस्तै बायाँतिर नृत्यनाट्येश्वर (८५ × ५० से. मी.), सरस्वती (प्रतीक चिन्ह मात्र) सूर्य (४५ × ३५ से. मी.), लक्ष्मी (५७ × ३८ से. मी.) का मूर्तिहरू छन् भने भैरवी, कुमार र कालिका शिलाका प्रतीकमात्र हुन्। यिनमध्ये लक्ष्मीको मूर्ति उल्लेखनीय छ। यो मूर्ति लिच्छविकालीन हो। मन्दिरको दक्षिण पश्चिमपट्टि रहेको लिच्छविकालीन धाराबाट सुरक्षाको लागि यहाँभित्र राखिएको मात्र हो।

नाला उग्रचण्डी भगवती मन्दिर छत्र शैलीको चार-तल्ले छ। यो मन्दिर ७.३० मि. लम्बाइ, ६.१०मि. चौडाइ र १६ मि. अग्लो छ। चौथो तलामात्र धातुको छ। बाँकी तला झिगटीले छाइएको छ। पहिलो तलाको चार सुरमा सिंह, शार्दुल, अजरापुरुष र महानाग छन्। दक्षिणी मोह-डामा पश्चिमबाट क्रमशः चामुण्डा, कौमारी, माहेश्वरी र कौमारीका टुँडालहरू छन्। चामुण्डाको टुँडाल जयसिंह

भारो र रामसिंह भारोले, कौमारीको टुँडाल सहस्रराम भारोले, माहेश्वरीको जिकेराम भारोले र महालक्ष्मीको डोलसिंह भारोले संवत् ७७४ आश्विन शुदि ५ मा स्थापना गरेको देखिन्छ। यस बाहेक अरू आठ टुँडालहरू साधारण काठका छन्। पहिलो तलाको दक्षिण र उत्तरमा तीन-तीनवटा काठका झ्यालहरू छन् भने पश्चिम र पूर्वमा एक-एकवटा मात्र झ्याल छ। यस्ता झ्यालहरू तेस्रो तलासम्म एकनाशको भएको पाइन्छ। अरू तलाहरूको दक्षिणी मोहडाको मुठलमा पित्तलको पातोमा अक्षरहरू कुँदिएका छन्। तर पहिलो तलामा पित्तलको पातो छैन। कौमारी र माहेश्वरी टुँडालको बीचमा वाराही र महाकालीका काष्ठ मूर्तिहरू छन्। प्रत्येक तलामा गजूर हुनु यस मन्दिरको विशेषता हो। पहिलो तलामा तीनवटा धातुको गजूर छ। तर छानाको चारै दिशामा जीर्णोद्धारको अभावले मुसीहरू मक्किई पानी चुहिनाले मन्दिरलाई नै खतरा पुऱ्याउँदै गएको महसूस हुन्छ।

दोस्रो तलाको चार सुरको टुँडालहरू पहिलो तलाकै जस्तै कलात्मक छन्। बाँकी सबै साधारण काठका छन्। यस तलाको दक्षिणी मोहडामा विभिन्न भाँडाकुँडाहरू लामा लामा फल्याकमा ठोकेर राखिएका छन्। मन्दिरको ढोकामा ने. सं. ७७१ (वि. सं. १७०८) लेखिएको ताम्रपत्र छ, जसमा रत्न सिंहले आफ्नो बाबुको नाममा चढाइएको भाँडाहरूको विवरण परेको छ। यस तलामा खड्ग छ। यो तलाको उत्तरपट्टिको छाना मक्किई पानी चुहिने गर्दछ। छानाको कुना कुना पनि बिग्रेको छ।

तेस्रो तलाका चार सुरका टुँडालहरू पहिलो र दोस्रो तला झैं कलात्मक छन्। बाँकी साधारण काठका छन्। यस तलाको दक्षिणी मोहडामा पनि दोस्रो तलामा झैं भाँडाकुँडाहरू लामा लामा फल्याकमा ठोकेर राखिएका छन्। यहाँ अष्टमंगल छ। यो छानाको उत्तरतिर पानी चुहिन्छ।

चौथो तलाको छानामा चारैतिर आँखीझ्यालहरू छन्। छानाको चार कुनामा चारवटा धातुका चराहरू छन्। चारैतिर फयगं पनि झुण्ड्याइएका छन्। छाना सुनको मोलम्बा लगाइएको तामाको छ। गजूर पनि धातुको छ। यसमा सुनको मोलम्बा लगाइएको छ। गजूरमाथि छत्र छ। गजूरसंगै त्रिशूल पनि छ।

तर दुर्भाग्यको कुरा यति सुन्दर मन्दिरको दक्षिण पश्चिम थाम भासिन गई गजूर र त्रिशूल दक्षिण पश्चिमपट्टि ढल्केको प्रष्ट देखिन्छ। सोह्र थामहरूमध्ये छ थामहरू चर्की फुटेकाले तुरुन्त जीर्णोद्धार गर्नु आवश्यक देखिन्छ। यथाशीघ्र छाना तथा थामहरू जीर्णोद्धार गर्न सकेमा थोरै खर्चमा मन्दिरको संरक्षण हुन सक्तछ, हैन भने करोडौं रकम लगानी गरेर पनि यस्ता अद्वितीय मन्दिर पुनः निर्माण गर्न मुश्किलै पर्दछ।

## पूजाविधि

नाला भगवतीलाई महाकाली, महालक्ष्मी र महासरस्वती तीनै रूपको समष्टि मानिने हुँदा महाउग्रचण्डी पनि भन्दछन्। अचाजु यहाँका पूजारी छन्। कर्माचार्यहरू मात्र पालैपालो पूजारी हुने चलन छ। पूजा पंचमोपचार विधिद्वारा वीरभावबाट नित्य गरिन्छ। मन्त्रोच्चारण तान्त्रिक भएकोले कसैलाई बनाईंदैन।

नाला भगवतीको पूजाआजासम्बन्धी रणजीत मल्लको ने. सं. ८५१, वृद्धिलक्ष्मीको ने. सं. ८६४, रणजीत मल्लकै ने. सं. ८७६, श्री ५ राजेन्द्र विक्रम शाहको संवत् १८८६, गुठी लगतको संवत् १९९५, १९९६ र पद्म शमशेरको २००३ को खड्ग निशानबाट विस्तृत तथ्यहरू जान्न सकिन्छ।[8]

नाला भगवती मन्दिरको प्रदक्षिणा मार्गको पूर्वी दक्षिण कोणमा ३८ × २४ इन्चको सरस्वतीको मूर्ति छ। यो मूर्ति अन्यत्र स्थानबाट सुरक्षाको लागि यहाँ राखिएको हो। त्यस्तै मन्दिरको पश्चिममा लिच्छविकालीन तीन

८. सुश्री मेनका श्रेष्ठ– नाला भगवती मन्दिर : एक अध्ययन, शोधपत्र २०४५, अप्रकाशित, परिशिष्ट ५ देखि ११ सम्म।

ढुङ्गेधाराहरू छन् । धारामाथि दक्षिण फर्केका क्रमशः पश्चिमबाट भूतमाता, उमामहेश्वर, स्कन्द (कुमार), चन्द्रमा र विष्णुका प्रस्तर मूर्तिहरू छन् ।

## सोह्रखुट्टे पाटी

ढुङ्गेधाराकै सामु सोह्रखुट्टे पाटी छ। यस पाटीको लम्बाइ १८' ६" र चौडाइ पनि १८' ६" छ । सोह्रवटा कलात्मक काठका थामहरूले बनेकोले नै यो पाटीलाई सोह्रखुट्टे पाटी भनिएको हुनु पर्दछ । यो एक तले छ । झिंगटीको छाना भएकोमा हाल छाना भत्की जीर्ण भएको छ । नाला भगवतीको प्रसिद्ध लक्ष्मी जात्रा यही पाटीमा हुने भएकोले यो पाटीको अत्यधिक महत्त्वपूर्ण स्थान रहेको छ । यस पाटीमा सप्ताह, नवाह जस्ता धार्मिक अनुष्ठान कार्यको साथसाथै कृष्ण अष्टमीको पूजा, तीज व्रतको दिन हुने नाचगान, भजन, कीर्तन आदि धार्मिक कार्यहरू बरोबर हुने भएको हुँदा पाटीको जीर्णोद्धार तत्कालै गर्नु पर्ने देखिन्छ ।

## ताँफले पाटी

नाला भगवतीको मन्दिर अगाडि ताँफले पाटी छ। यो पाटी ७ × ३.६५ मि. लम्बाइ चौडाइको छ । यो पाटीमा पनि कलात्मक काठका थामहरू र झिंगटीको छाना छाएको छ। तीनवटा पाटीहरूमध्ये यही एउटा पाटी हालसम्म सुरक्षित र चालू अवस्थामा रहेको छ । यसै पाटीको पछाडि नारायण मन्दिर छ। मन्दिरमा राधाकृष्ण र नारायण, लक्ष्मी र सरस्वतीको मूर्तिहरू छन् । मन्दिरको पृष्ठभागमा धनवन्तरीको सुन्दर मूर्ति पनि छ ।

## गणेश पाटी

मन्दिरको पूर्वपट्टि गणेश मन्दिरको पाटी छ। गणेशको मन्दिर भएर नै पाटीलाई गणेश पाटी भनिएको हुनु पर्दछ । हाल पाटीको अस्तित्व छैन, खाली गणेशको मन्दिरमात्र बाँकी छ । यस पाटीको लम्बाइ ३७' ५" छ । चौडाइचाहिं उत्तरपट्टि ५' ६" दक्षिणपट्टि ७ फीट छ । यो पाटीमा पनि नगरा बजाउने आदि धार्मिक कार्य अझैसम्म गर्ने परम्परा रहेकोले पाटीको जीर्णोद्धार हुनु पर्ने देखिन्छ । यो पाटीको अगाडि प्रस्तरको मौलो छ जहाँ राँगा आदि काट्ने गरिन्छ । गणेश पाटीको संगै बाटोमा युधिष्ठिरको मन्दिर छ ।

मन्दिरको वातावरणलाई जीवित राख्न वरिपरिको पाटीहरूले अभूतपूर्व देन दिएका हुन्छन् । पाटीहरूले मन्दिरको प्राचीनता र मौलिकतालाई कायम राख्ने हुनाले सोह्रखुट्टे पाटी र गणेश मन्दिरको पाटीलाई सम्बन्धित निकायहरूले तुरुन्त जीर्णोद्धार गर्नु पर्ने महसूस हुन्छ ।

## पर्व, जात्रा

नाला भगवती मन्दिरमा उग्रचण्डीको मूर्ति बाहेक अरू तीनवटा मूर्तिहरूको पनि पूजा गरिन्छ । यी मूर्तिहरू पहिले विजयापती टोलस्थित द्यो छेंमा राखिने गरेकोमा चोरीकाण्ड भएपछि हाल मन्दिरमै राखिने गरेको छ । विजयापती टोलको द्यो छेंमा शिलालेख पनि छ । तीन मूर्तिहरूमध्ये एउटा अठार हात भएकी महिषासुर मर्दिनीको धातुको मूर्ति छ। यो मूर्तिलाई वर्षको दुई पटक इन्द्रजात्राको तृतीया र विजया दमशीको दिन पूजा गरिन्छ । अर्को मूर्ति हात नभएको छ । यो मूर्तिचाहिं वर्षको चारपटक अर्थात् इन्द्रजात्राको पूर्णिमा, कार्तिक शुक्ल पूर्णिमा, मंसीर शुक्ल त्रयोदशी र वैशाख चौथीको दिन पूजा गरिन्छ । त्यस्तै तेस्रो मूर्ति जसको खुट्टा फर्केको छ, यो मूर्ति विजयादशमीको दिन दैत्यलाई मार्ने पूजा गरिन्छ । ने. सं. ७६५ को ताम्रपत्रमा नाला भगवतीको जात्रासम्बन्धी विवरणहरू उल्लेख गरिएको छ ।

द्यो छें को छाना पनि चुहिने भएको छ। पुरानो काठको कलात्मक जात्राको खट बिग्रेर हाल नयाँ साधारण काठको खट जात्रामा प्रयोग गर्ने गरेको देख्दा कसको मन नदुख्ला ?

नाला भगवतीमा वैशाख शुक्ल तृतीयाको दिन जात्रा हुन्छ । अघिल्लो दिन नालाका सबै नेवार जातिका कन्याहरूलाई मन्दिरको पटाङ्गिनीमा जम्मा गरी पूजा गरिन्छ । इपाटोलको द्यो छेंबाट हातखुट्टा नभएको

लक्ष्मीको मूर्ति निकालेर गुप्त वाल्मीकिश्वर (महादेव खोला) लगी, त्यहाँबाट लागनटोलमा ल्याई नाला भगवती मन्दिरको सोह्रखुट्टे पाटीमा राखेर पूजा गरिन्छ। जात्राको दिन पनि पहिले कुमारी केटीहरूको पूजा गरी भोजन गराइन्छ र त्यसपछि लक्ष्मीको खट जात्रा गरिन्छ। खट जात्रा गर्दा कुस्लेहरूले बाजा बजाई, वलाछें टोल तथा विजयापती टोलको बाटो भएर सरस्वतीस्थान-सम्म लक्ष्मीको खट यात्रा गरी फेरि घुमाएर नाला भगवतीको सोह्रखुट्टे पाटीमा नै राखिन्छ। यो जात्रामा लक्ष्मीका अतिरिक्त महादेव र नारायणको पनि खट यात्रा गरिन्छ। वैशाख शुक्ल पञ्चमीको दिन साँझपख महादेव र नारायणको खटसंगै लक्ष्मीको खट जुधाएपछि जात्रा सम्पन्न हुन्छ। यो जात्रा नाला भगवतीको प्रसिद्ध जात्रा भएकाले सबै नेपालीहरूको लागि पनि महत्त्वपूर्ण जात्रा हुनगएको छ ।

बर्नियरले नाला भगवतीको मन्दिरको स्थापना-कालको मिति थाहा नभए तापनि भक्तपुरका राजा जगतप्रकाश मल्लको समयमा ने. सं. ७६७ (१६४६ ई.) मन्दिरको मर्मत भएको उल्लेख गरेका छन् ।[9]

एन. आर. बनर्जीको प्रसिद्ध पुस्तक 'नेप्लिज आर्किटेक्चर'मा नाला भगवती मन्दिरलाई मोटामोटी हिसाबले पन्ध्रौं शताब्दीतिरको भनिएको छ। तर पुस्तकको फोटो सूचीमा सत्रौं शताब्दी लेखेका छन् ।[10]

त्यसै गरी हरिराम जोशीको 'हिन्दू देवी देवता' नामक पुस्तकको पृष्ठ २० मा नालासम्बन्धी चर्चा छ, "पूर्व १ नं. नालास्थित छत्रशैलीमा निर्मित प्रख्यात चार तल्ले मन्दिरको भगवती अनुमानतः छैटौं शताब्दी ई. को रहेको छ। भक्तपुर चित्र संग्रहालयको सरस्वती नालाग्राम-स्थित भगवती मन्दिरको अगाडि गह्री धाराको सिरानमा राखेको पार्वतीको मूर्ति क्रमैले सातौं र आठौं शताब्दी ई. का. छन् ।"[11]

तर 'काठमाडौं उपत्यका भौतिक वातावरण तथा सांस्कृतिक सम्पदा संरक्षण लगतमा' नाला भगवती मन्दिर १६४६ ई. मा सुखदल विश्राले बनाएको तथा १९३४ ई. मा जीर्णोद्धार भएको उल्लेख छ ।[12]

त्यस्तै नेपाल महात्म्यम्को पृष्ठ २३० मा भक्त-पुरको दर्शनीय स्थानहरूमा उग्रचण्डी देवीको नाम सर्वप्रथम उल्लेख गरिएको पाइन्छ ।[13]

मेरी स्लसरले नक्साल भगवतीलाई बाह्रौं वा तेह्रौं शताब्दीको लेखेकी छिन् । नाला भगवतीको मिति थाहा नभएको तर मूर्तिको आकार प्रकारको हिसाबले नक्साल भगवतीसंग दाँज्न सकिने हुँदा नक्साल भगवती जत्तिकै पुरानो हुन सक्ने भनेकी छिन् ।[14]

यसरी विश्लेषण गर्दा नाला भगवती मन्दिर ने. सं. ७६७ (१६४६ ई.) भन्दा अगाडि नै उत्तरकालीन लिच्छवि अर्थात् दशौं शताब्दीमै निर्माण भइसकेको अनुमान गर्न सकिन्छ। खोज र अनुसन्धानको क्रममा अवश्य नै प्रमाण फेला पर्ने छन्। अहिले प्रश्न छ, यस्तो प्राचीनकालीन, ऐतिहासिक महत्त्वको मन्दिर किन

9. Ronald M. Bernier- The Temple of Nepal 1970, Voice of Nepal, Kathmandu, Page no. 178.
10. N. R. Banerjee, Nepalese Architecture- 1980, Agam Kala Prakashan, Delhi, Page 78, (Plate- XLIX)
११. हरिराम जोशी– हिन्दू– देवी देवता २०४०, श्री ५ को सरकार, संचार मन्त्रालय, सूचना विभाग, पृ. २० ।
12. Kathmandu Valley, The Preservation of Physical Environment and Cultural Heritage Protective Inventony, Volume 2 - 1975, HMG, Department of Housing Building & Physical Planning, Kath, Page 248
१३. पण्डित केदारनाथ शर्मा– नेपाल महात्म्य १९७७, चौखम्बा, अमर भारती प्रकाशन, वाराणसी, पृ. २३० ।
14. Mery Shepher Slusser- Nepal Mandala, Vol. I - 1982- Princeton University Press, Princeton, New Jersey, Page 310.

उपेक्षित देखिन्छ ? पुर्खाहरूले बनाएर छाडेका यस्ता सांस्कृतिक धरोहरहरूको जगेर्ना र संरक्षण गर्नु के प्रत्येक नेपालीको कर्तव्य होइन र ? हरिसिद्धि मन्दिर र नाला भगवती मन्दिर नै नेपालका यस्ता मन्दिरहरू हुन्, जसले चार तले मन्दिर हुने गौरव पाएका छन् । यसरी यस मन्दिरको शैली, कलात्मकता, प्राचीनता तथा यसको विशालता आदि विशिष्टताले गर्दा नाला भगवती मन्दिर नेपालको महत्त्वपूर्ण सांस्कृतिक सम्पदा हुनगएको छ । त्यसैले मन्दिर र मन्दिरको वातावरण सुहाउँदो गणेश पाटी, सोह्रखुट्टे पाटी आदिको जीर्णोद्धार गरी संरक्षण र सम्वर्द्धन यथाशीघ्र हुन सम्बन्धित क्षेत्रको ध्यान जान आवश्यक देखिन्छ ।

---

**सन्दर्भ ग्रन्थहरू:**


१. धनवज्र वज्राचार्य- लिच्छविकालका अभिलेख २०३०, नेपाल र एशियाली अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय, काठमाडौं ।

२. रमेशजङ्ग थापा (सं.)– प्राचीन नेपाल, संख्या ४– २०२५, श्री ५ को सरकार, शिक्षा मन्त्रालय, पुरातत्त्व विभाग, काठमाडौं ।

३. पं. देवीप्रसाद लम्साल– भाषा वंशावली भाग २– २०२३, शिक्षा मन्त्रालय, पुरातत्त्व विभाग, नेपाल राष्ट्रिय पुस्तकालयबाट प्रकाशित, काठमाडौं ।

४. धनवज्र वज्राचार्य, कमलप्रकाश मल्ल– गोपाल राजवंशावली १९८५, नेपाल रिसर्च सेन्टर, काठमाडौं ।

५. बालचन्द्र शर्मा– नेपालको ऐतिहासिक रूपरेखा, २०३३, कृष्ण कुमारी देवी, वाराणसी १ ।

६. कृष्णभक्त श्रेष्ठ (प्र. सं )– गोरखापत्र शनिवार परिशिष्टाङ्क, २०४८ कार्तिक १६, गोरखापत्र संस्थानको छापाखाना, धर्मपथ, काठमाडौं ।

७. बाबुराम आचार्य— श्री ५ महाराजाधिराज पृथ्वीनारायण शाह, भाग ३– २०२५, श्री ५ महाराजाधिराजका प्रमुख सम्वाद सचिवालय, राजदरबार, नेपाल ।

८. सुश्री मेनका श्रेष्ठ– नाला भगवती मन्दिर : एक अध्ययन, शोधपत्र २०४५ (अप्रकाशित) ।

9. Ronald M. Bernier- The Temple of Nepal 1970, Voice of Nepal, Kathmandu.

10. N. R. Banerjee- Nepalese Architecture 1980, Agam Kala Prakashan, Delhi.

११. हरिराम जोशी- हिन्दू देवी देवता २०४०, श्री ५ को सरकार, संचार मन्त्रालय, सूचना विभाग ।

12. Kathmandu Valley, The Preservation of Physical Environment and Cultural Heritage Protective Inventory, Volume 2– 1975, HMG, Department of Housing Building & physical Planning, Kathmandu.

१३. पण्डित केदारनाथ शर्मा— नेपाल महात्म्यम् १९७७, चौखम्बा, अमर भारती प्रकाशन, वाराणसी ।

14. Mary Shepher Slusser- Nepal Mandala Vol. 1 – 1982, Princeton University Press, Princeton, New Jersey.

१५. साफल्य अमात्य (प्र.)— सांस्कृतिक सम्पदाको प्रारम्भिक सर्वेक्षण प्रतिवेदन २०४३।४४, भाग ५, श्री ५ को सरकार, शिक्षा तथा संस्कृति मन्त्रालय, पुरातत्त्व विभाग ।

# भक्तपुर राजदरबार र मूलचोकको ऐतिहासिकता

—लीलाभक्त मुनंकर्मी

गोपाल वंशावलीमा भक्तपुरमा त्रिपुर क्वाठ भन्ने "राजवाश" किल्ला ने. सं. ४३९ आश्विन कृष्ण सप्तमीका दिनमा रुद्र मल्लले बनाएको उल्लेख छ। उक्त किल्ला ने. सं. ४४१ चैत्र शुक्ल द्वितीयाको दिनमा आदित्य मल्लले हमला गरी भत्काई दिएका थिए। आदित्य मल्ल खस राजा जितारी मल्लका छोरा थिए। तर त्रिपुर क्वाठ भन्ने राजवाश किल्ला कुन ठाउँमा कहाँनेर थियो, यो किल्लाको भवन कति तल्ला र यसको चारकिल्ला कहाँसम्म फैलिएर कस्तो थियो ? आदि निश्चित रूपले यहाँनेर थियो भन्ने उल्लेख भएको छैन। वंशावली तथा प्रकाशित इतिहासमा लिच्छविहरू पतन भएपछि अरि मल्ल, अभय मल्ल वा आनन्द मल्लले भक्तपुरका क्वाठ भन्ने राजदरबार निर्माण गरेको उल्लेख छ। गोपाल वंशावलीमा खसहरूले राजवाश भवनको किल्ला पारेको र अर्को पटक ने. सं. ४४६ (वि. सं. १३८३) आषाढ पूर्णिमाको दिनमा रातको समयमा ३० वर्ष ८ महीनाका रुद्र मल्ल यो लडाइँमा वीरगति प्राप्त भयो भन्ने पनि उल्लेख छ। राजवाश किल्ला वा त्रिपुर क्वाठ भन्ने विषयमा राजदरबार यहाँनेर अवस्थित थियो भनेर आजसम्म प्रकाशमा आएको देखिएको छैन। कसै कसैको भनाइमा राजवाश किल्ला ३ वटा शहरको बीच अथवा त्रिपुर भन्ने स्थानमा स्थापना भएको थियो भन्दछन्, तर यसको खोजी गर्दा ३ वटा शहर भएको स्थान नै हालका त्रिपुर शहरबाट टिबुकछें नाम हुनगएको सुन्दा त्यस स्थानको अध्ययन गर्दा स्थानीय बूढापाकाहरूको भनाइबाट त्यस स्थाननेर "तहागंसल" भन्ने घर भएको स्थानमा राजदरबार हुनुपर्ने गुणहरू तथा आगम घर भएका हुन् भन्ने बताएका छन्। त्यहाँ राजदरबारमा हुनुपर्ने गुण र जगको बनावट आदिका लक्षणहरूको संकेत नपाइने होइन तर यसबारे कसैले खोजी गरेको जस्तो लाग्दैन। ने. सं. ४४४ तिर बंगालमा गयासुद्दीन तुगलकले हमला गरी अवध तिरहुतसम्म राज्य बढाइरहेको बेलामा सिमरोनगढमा पनि हमला गर्ने भयो भनी हरिसिंह देवले गयासुद्दीन तुगलकका फौजमाथि हमला गर्दा हरिसिंह देव पराजित भए। सिमरोनगढ ध्वस्त पारियो। तब हरिसिंह देवले आफूले इष्ट देवता गरी दिनदिनै भोग बलि चढाई पूजा गराई बसेका तलेजु भवानीलाई लिएर आफ्ना श्रीमती तथा जहान परिवार सहित आफ्ना सहयोगीहरू समेत त्यहाँबाट भागेर जंगलै जंगलको बाटो भएर नेपाल प्रवेश गरेर भक्तपुरका शासक रुद्रदेव मल्लसंग सम्झौता गरेर बसे। पछि निजका रानी देवलदेवीसंग रुद्र मल्लको आशक्तले निजहरूलाई त्यहाँ नै स्थान दिइराखेको ठाउँमा तुलजा भवानीको यन्त्रलाई स्थापना गराए जुन स्थानमा स्थापना गरिएका ठाउँलाई मूलचोक नामले आजसम्म प्रख्यात भएको छ तर मूलचोकमा भने उनैले स्थापना गरिएका

अभिलेख भने आजसम्म प्राप्त भएको छैन । अभिलेखहरूको खोजमा धेरै वर्षपछि भक्तपुरका जीत मल्ल र प्राण मल्लको संयुक्त शासनकालमा र प्राण मल्लले पटक पटक गरी ११ वटा गजूर भएको तलेजु भवानी मन्दिर निर्माण गरेको कुरा मन्दिरमा भएको अभिलेखमा उल्लेख छ ।[1] भाषा वंशावलीमा तलेजु भवानी सहित देवलदेवी र हरिसिंह देव ने. सं. ४४४ को माघ शुदि नवमीको दिनमा नेपाल प्रवेश भएको उल्लेख छ र त्यसको दुई वर्षपछि ने. सं. ४४६ माघ महीनाको शुक्ल पक्षको दिनमा दोलखानेर तीनपाटन भन्ने स्थानमा हरिसिंह देवको मृत्यु भएको उल्लेख छ । पछि उनका मन्त्री चन्द्रेश्वरले बनेपा, दोलखा आदि आफ्नो अधीनमा राखेका इतिहासमा उल्लेख छ । भक्तपुरमा तलेजु भवानी स्थापना भएकोले त्यसपछि मूलचोकको नामले राजाहरू त्यहाँ नै बसोबास गरेर जनतालाई चाडपर्व, जात्रा र सरकारी आदेशको जाहेर गर्ने गर्दथ्यो । जयस्थिति मल्लले मैथिली कर्नाटकी आदि विद्वान्हरूको रायले जातिमाला भवानीलाई साक्षी राखेर जाति अनुसार पेशा, जाति अनुसार कर्म, जाति अनुसार रहन सहन आदि नियम निष्ठा जाहेर गरे । वर्तमान समयमा धार्मिक जागरण भएका राजा, रानी तथा भक्तहरूले गरेका कार्यको सोना पत्र, तामापत्र र अभिलेखहरू मूलचोकमा प्रशस्त छन् । अथवा आजभोलि मध्यकालीन वा मल्लकालीन अवस्थाको इतिहासको स्रोत अध्ययन गर्नेहरूको लागि भक्तपुर मूलचोकमा भएका धार्मिक जागरणका कीर्तिहरूमा त्यहाँ भएका सुन मोलम्वा तोरणहरू र राजारानीका शालिकहरू र चित्रहरूमा कोरिएका कलाहरूले ठूलो सघाउ पुऱ्याएका छन् । मूलचोकमा सिंहमाथि राखेका किल्लामा झुण्ड्याउने थान्काहरू पनि अध्ययन गर्नेलाई ठूलो आकर्षणका केन्द्र बन्न गएका हुन्छन् । ती थान्काहरूका चित्रहरू कुनै सुनबाट, कुनै चाँदीबाट, कुनै रगतबाट चित्रण गरिएका छन् तर हिजो आज पर्वपर्वमा झुण्ड्याउने थान्काहरूको प्रदर्शन बन्द गरिएको छ ।

## मूलचोक

मूलचोक प्रवेश गर्न भक्तपुर दरबार स्क्वायरको राजा भूपतीन्द्र मल्लको शालिक अगाडि दक्षिणाभिमुख सुनका ढोकाबाट प्रवेशमा जमद्धार चोक, पछि अर्को वेकुचोक, दुइवटा चोक प्रवेश भएपछि मूलचोक प्रवेश गर्न पूर्वाभिमुख तोरण सहितका ढोका आउँछ । त्यस ढोकाबाट प्रवेश भएपछि मूलचोकको चारैतर्फ दुइतल्ले मन्दिर र दरबार अवस्थित छन् । उत्तराभिमुख भवानी विराजमान भएका ११ वटा गजूरमा बेताल सिंह भएका सुनका मोलम्वा छाना भएका मन्दिर अवस्थित छन् । पूर्व पश्चिम लंगको उक्त मन्दिरमा चारवटा प्रवेशद्वार ढोकाहरू छन् । पहिलो ढोकाको कोठाबाट गणेशचोक प्रवेश गरिन्छ । दोस्रो ढोकाको पहिलो तल्लाको दायाँ बायाँ सुनको मोलम्बा मानिस जति अग्लो सरस्वती र लक्ष्मीका मूर्ति प्रतिस्थापित सुनको ढोका छन् । ती लक्ष्मी र सरस्वतीका मूर्ति राजा नरेश मल्लले भवानीको मन्दिर जीर्णोद्धार गरेका बेलामा प्रतिस्थापित गरेका मूर्तिमा कोरिएका अभिलेखबाट अवगत हुन्छ । अभिलेख यस प्रकारको छ—

> पृथ्वीषट स्वर संख्या परिमिते नेपाल सम्वतसरे, मसि आश्विन के सिते भृगुदिने तो यडष्ट संख्या तिथौ । देवी मन्दिर भित मण्डलकरी लक्ष्मी श्रिया संयुक्त वशु मङ्गलं, सुरचितां यत्नै श्चिरं काञ्चनै : । श्री मन्मल्ल नरेश भूपति परो देव्यै ददो भक्तिमान, संयुक्त: पर देवता पद युग ध्याने सदा बुद्धिमान । यदवां छाल पत्र लोक विषये देवी गति: सर्व्वदा साकुला पि न विस्म रत्व नु पलं मां चामुणा ।। संवत् ७६१ आस्विन शुदि ८ ।।

साथै त्यही मूल मन्दिरको सुवर्ण द्वारको दायाँ बायाँ दुवैतिर सानो सानो आँखेझ्यालहरू छन् । ती झ्यालमा पनि यो झ्याल राजाले मन्दिरको शोभा निमित्त

१. तलेजु मन्दिरमा भएका दोस्रो तल्लाको अप्रकाशित अभिलेख र चुन्दा बज्राचार्यको "मध्यकालया छु घटनावली छगु अध्ययन" पृष्ठ १२ ।

प्रतिस्थापित गरेका हुन् भनी राजा नरेश मल्लको अभिलेख छ। सुवर्ण द्वारको दुवैतिर सानो आँखेझ्याल मुनि ठूलो सुनको मोलम्बा अक्षरहरूले यो मन्दिरको दायाँ बायाँ बेताल र सिंह सहित एघाह्रवटा सुनका गजूर प्रतिस्थापित गरिएका सोनालेखहरूमा राजा भूपतीन्द्र मल्लको बयान गरिएको छ। सुवर्ण द्वारको तोरणमा ४ वटा टाउको र २० वटा हातमा शस्त्रअस्त्र सुशोभित सिंहमाथि विराजमान भएर दैत्यलाई वध गराई तोरणभित्र नै धेरै देवदेवताका मूर्तिहरू प्रतिस्थापित छन्। तोरणमा नन्दी विन्द्री सहित नृत्यनाथ नाचिरहेका मूर्ति पनि प्रतिस्थापित छन्। तोरणमा सुवर्णद्वार र ढोकामा सुन मोलम्बा प्रतिस्थापित गरेको ने. सं. ८०५ माघ शुदि ५ का मिति अंकित श्री श्री जय जितामित्र मल्लले गरेका अभिलेख छन्। त्यही सुवर्ण द्वारको तालाको अभिलेखमा पनि यो ताला श्री श्री सुमति जय जितामित्र मल्लले श्री श्री श्री तलेजु भवानी-लाई चढाएको हो भन्ने उल्लेख छ। सुवर्ण द्वारको लक्ष्मीका मूर्ति पछि बायाँतर्फको तेस्रो ढोकाबाट तलेजु भवानी माथि जाने भऱ्याङ्ग र जह्ल चोकमा प्रवेश गर्ने ढोका छन्। हुन त ढोकामा पनि राजा भूपतीन्द्र मल्लले प्रतिस्थापित गरेको हो भन्ने अभिलेख छ। भऱ्याङ्ग चढेर भवानीको मन्त्र र अधिकार प्राप्त नभएका व्यक्ति-हरू देवताको दर्शन गर्न नजानु अथवा जबर्जस्ती भऱ्याङ्ग चढेर देवता विराजमान भएका स्थानमा विना मन्त्र र अधिकार प्राप्त नभएकाले प्रवेश गरियो भने युगौं युग नरकमा बस्नु पर्ने छ भन्ने तामापत्रको अभिलेख थियो तर उक्त तामापत्र आजभोलि निकालिराखेको छ। त्यसपछि आखिरी चौथो कोठामा प्रवेश गर्ने द्वार अवस्थित छ जहाँबाट महादेव चोक प्रवेश गर्ने र मन्दिरको पछाडिको कोठामा प्रवेश गर्ने भऱ्याङ्ग अवस्थित छ।

त्यो ११ गजूरको दायाँ बायाँ बेताल र सिंहका सुन मोलम्बा मन्दिरका दोस्रो तल्लामा ५ वटा ससाना सुन मोलम्बा तोरण सहितका कलापूर्ण झ्यालहरू प्रतिस्थापित छन् जुन झ्यालहरू राजा सुमति जितामित्र मल्लले स्थापना गरेका तोरणले छेकिराखेकोले ती झ्याल-हरूमा अभिलेखहरू हेर्न र पढ्न पाएको छैन। झ्यालहरूको दायाँ बायाँ ससाना तोरण सहितका झ्यालहरू अवस्थित छन्। ती झ्यालहरूको तोरणको गुमौजमा यो झ्याल जीत मल्ल र प्राण मल्ल नाम उल्लेख गरेका अप्रकाशित अभिलेखहरू छन्। यो अभिलेख संयुक्त शासनमा प्रतिस्थापित गरिएको देखिन्छ। तलेजु भवानी विराजमान हुने दोस्रो तल्लामा नै सुन मोलम्बा-का देवदेवीहरूका मूर्ति मुनि राजा जगज्योति मल्लका प्रतिमाका मूर्ति भएका अभिलेख सहितका ६ वटा विलम्पुहरू प्रतिस्थापित छन्। तर हिजोआज त्यो मन्दिरका सुनका पाताहरू र ससाना सुनका मूर्तिहरू चोरी भइसकेको छ।

मूलचोकको पूर्वाभिमुख दक्षिण उत्तरको दुइतल्ले मन्दिरमाथि ११ गजूर भएको मन्दिर छ। दक्षिण उत्तर लंगको दुइतल्ले मन्दिरमा चारवटा प्रवेश-द्वार छन्। पहिलो द्वारमा भवानीका गहनाहरू र भाडावर्तनहरू राख्ने भण्डार कोठा छ जहाँ तीन साँचो भएका सिलमोहर ताला लगाइराखेको हुन्छ। त्यसपछि दायाँ बायाँ महादेव र पार्वतीका काठमा कोरिएका तोरण सहित कलापूर्ण मूर्तिहरू प्रतिस्थापित छन्। बीचमा कुमारी चोक प्रदेश द्वार अवस्थित छ जुन कोठामा प्रत्येक वर्ष बडा दशैंको समयमा तलेजु भवानी विराजमान भएर एकान्त कुमारीलाई पूजा र आराधना गर्ने गर्दछन्। त्यो मन्दिरको दोस्रो तल्लामा कलाकृत देवदेवीका विलम्पुहरू र ससाना आँखेझ्यालहरू छन्। त्यो मन्दिरको तेस्रो कोठाको द्वार (ढोका) छ। चौथो कोठाको द्वार भएको कोठाबाट दुइमाजु विराजमान भएको चोकमा प्रवेश गर्ने बाटो छ।

मन्दिरभित्रको कुमारी चोकमा एकान्त कुमारी विराजमान गर्ने चोकलाई राजा जगज्योति मल्लले निर्माण गरेका हुन् भन्ने त्यहाँ भएका अभिलेखबाट देखिन्छ। कुमारी चोक पछि जीर्ण हुँदा राजा सुमति जय जितामित्र मल्ल पाटनका राजा सिद्धिनरसिंह मल्ल-संग कोटखा ढुङ्गा मगाएर त्यसाई ठूलो कष्टले १५ वर्ष लगाएर चोकमा पश्चिम लंगमा जलद्रोणी स्थापना गराई उत्तराभिमुख भित्तामा यो ढोका कसैले कहिले नखोल्नु भनी अभिलेख राखी ख्याकले घेरा दिइराखेका नागले सुरक्षित गरिएको कलशको चित्र अंकित छन्।

चोकको दक्षिणाभिमुख दलानमा अष्टमातृकाका गण ५; पाँच मुख भएका देवदेवीहरूका मूर्तिहरू प्रतिस्थापित गराई देवदेवीको मूर्तिमा नै ध्यानका अभिलेखहरू छन्। त्यसैको माथि तल्लामा राजारानी बस्ने कोठाहरू सहित कलाकृति आकर्षणको केन्द्र बनाएर निर्माण गर्न लगाई त्यही चोकमा स्थापना गर्न लगाएका थिए। अभिलेखमा यो चोक ने. सं. ७६७ देखि शुरू गराएर ठूलो कष्टले ने. सं. ८१२ मा १५ वर्ष लगाएर जीर्णोद्धार र निर्माण गरेकोले या चोकमा ढुङ्गामा हतियारहरू घोट्न नहुने र अछूत कुजातका व्यक्तिहरू प्रवेश गराउन निषेध गरिएको र चोक भएको कोठामा हमेशा ताला लगाई राख्न पर्ने अभिलेख कोर्न लगाई त्यसै चोकमा प्रतिस्थापित गर्न लगाएका थिए। त्यसै चोकमा ढुङ्गाका सुन मोलम्बा तामा छानामाथि गजूर चढाएका ने. सं. खाटका ८१६ मिति अंकित अभिलेख खाटको छानाको मुठलमा अद्यावधि अवस्थित छ। त्यो चोकका भित्तामा भएका चित्रहरूले पनि चोकलाई अत्यन्त आकर्षणको केन्द्र बन्न पुगेको छ।

त्यस्तै मूल चोकको पश्चिम–पूर्व लंगमा दक्षिणाभिमुख दुईतल्ले दरबारमा पहिलो तल्लाको दलानको दुवै तिर पाचला (वेडी) अवस्थित छन् जहाँ नित्य भजन र पाचलामा पुराणहरू प्रवचन गर्ने गर्दछन्। त्यसको दायाँ बायाँ कोठाको भित्तामा हात्तीका ढुङ्गाको मूर्ति र कलश बोकेका घोडाका चित्र अंकित छन्। आजभोलि पश्चिम उत्तर कुनाको कोठामा दुइमाजु नकींको कोठा भण्डार गरिएको छ। त्यस्तै पूर्व उत्तरको कुनाको ढोका द्वारमा माथि दरबार जाने भऱ्याङ्ग अवस्थित छ जहाँ आजभोलि भऱ्याङ्ग संगैको कोठामा मूलचोक गार्ड बस्ने फौजीहरूको घर बनाइराखेको छ। भऱ्याङ्ग चढेर माथि दरबारको बैठक र रानीहरू बस्ने कोठा अवस्थित छ। ती बैठक र कोठाबाट मूलचोक हेर्ने सामुन्ने भवानीको मन्दिर थियो। ती दक्षिणाभिमुख दरबारको किसिम किसिमका काठबाट जस्तो श्रीखण्ड, सतिसाल, खैर चाप र पँलास आदि विभिन्न प्रकारका काठहरूबाट राजा भूपतीन्द्र मल्लले तयार पार्न लगाइएको साल मितिको अभिलेखहरू प्रत्येक झ्यालको किनारमा छ। उक्त दुइतल्ले दरबारको बैठक कोठामा संस्कृत भाषाका भित्ते चित्रहरूमा, राजाहरूका वंशावली छन्। ती बैठकका झ्यालहरू सबै नेपाली कालीगढका शीप प्रदर्शित छन्। उक्त दरबारको दक्षिणाभिमुख पहिलो तल्लाको निदालका १२ वटा सोनापत्र, तामापत्रहरू छन्. जुन तामापत्रहरू धार्मिक पर्व पूजाहरूको कीर्तिहरू बाहेक पाटन, काठमाडौंका राजाहरूका सन्धिपत्र समेत उल्लेख थियो। आजभोलि त्यहाँको पाचला (वेडी) मा फौजीका हातहतियार राख्ने र दलानमा नित्यभजन गर्ने गर्दछन्। उक्त दलानको बैठकको भित्तामा महाभारत जस्ता कथाहरूका चित्रहरूका भित्ते चित्रहरूबाट आकर्षणको केन्द्र बिन्दु बनेको छ।

उत्तर दक्षिण लंगको मूलचोकका दुइतल्ले दरबार मूलचोकको प्रवेश द्वार यसै लंगमा अवस्थित छ। उक्त पश्चिमाभिमुखी दरबारको उत्तरतर्फ पाचला (वेडी) संगै दुइवटा कोठामा भजनका बाजाहरू तथा सरसामानहरू राख्ने गर्दछन्। बडा दशैं पर्वको समय चोखो पानी राख्ने र दशैंका पर्वका पूजा पर्वका गुह्य पूजा गर्ने गर्दछन्। संगैको प्रवेश द्वारको पाचला (वेडी) संगैको कोठामा तलेजु भवानीका घोडालाई बडादशैंको समयमा भेडा बलि चढाईमा पूजा गर्ने गर्दछन्। मूलचोकको प्रवेश द्वारको दक्षिणतर्फको लंगमा दुइवटा प्रवेश द्वार भएको कोठाहरू छन्। एउटा कोठामा भण्डार कोठा बनाई राखेको छ। साथै अर्को कोठाको प्रवेश द्वारमा भैरव चोक (सदाशिव चोक) प्रवेश गर्ने कोठा छ। त्यहाँमाथि दुइतल्लाको कोठा प्रवेश गर्न भऱ्याङ्ग छ। उत्तर दक्षिण लंगको उक्त दुइतल्ले दरबारमाथि वाकुछे देवता (लक्ष्मी) विराजमान छन् जहाँ वाकु देवता (वाकुली देवता) को कोठा अगाडि प्रत्येक वर्ष भाद्र महीनाको अष्टमीको दिनमा महालक्ष्मी व्रतको पूजा गर्ने र बडा दशैंको नवमीका दिनमा १२ जना गण कुमारीलाई जात्रा गरेर ल्याई गुप्य तरीकाले पूजा गर्ने गर्दछन्। त्यसै दरबारको दुइतल्ले मन्दिरमा कलाकृत देवदेवीहरूका टुँडालहरू र भित्तामा भित्ते चित्रहरूको चित्रणले मूलचोकको आकर्षण बढाएको छ।

मूलचोकमा ने. सं. ७४६ मा राजा जगज्योति

मल्लले तुलादान गरेका ढुङ्गा दुइवटा खम्बा अद्यावधि छन् जुन खम्बामा अभिलेख कोरिराखेका छन्। यो खम्बाको उत्तरतर्फ राजा भूपतीन्द्र मल्लले प्रत्येक दिन नित्य पूजाको समयमा बजाउनु पर्ने गरी स्थापना गरेका थिए। यो घण्टा ने. सं. ८२५ जेष्ट शुक्ल द्वितीयाको दिनमा ठूलो ठूलो ढुङ्गाका खामा ठड्याई ठूलो घण्टा चढाई प्रत्येक वर्ष थापूजा गर्न पर्ने व्यवस्था गरेका थिए। उक्त थापूजा अद्यावधि प्रचलित छ। उक्त अभिलेख अद्यावधि खम्बामा र घण्टामा छन् जुन अभिलेखका अनुवाद यस प्रकार छः–

कल्याण होस् ने. सं. ८२५ जेष्ठ शुक्ल द्वितीया आदित्यवार मृगराशी नक्षत्र धृति योग पर्नु पर्ने कारण मुहूर्त परेका वेलामा श्री श्री जय भूपतीन्द्र मल्ल देव महाराजाधिराज प्रभु ठाकुरले निकै मेहनत गरेर यो घण्टा समेतको खामा (खम्बा) बनाउन लगाउनु भएर यस दिनमा प्रतिवर्ष थापूजा गर्नु पर्ने नियम समेत बाँधेर श्री श्री श्री आफ्ना इष्ट देवता प्रीति गरी चढाउनु भयो।[२]

तलेजु भवानी राज भएको मन्दिरको चोक भएकोले अद्यावधि यो चोक मूलचोक नामले प्रख्यात छ। यो चोकको नैऋत्य कोणमा अथवा दक्षिण पश्चिम कोणमा ढुङ्गाले छापेका भव्य रूपमा "स्नेहमण्डप" नामले चारकुने वेदी (दबु) राजा जगत प्रकाश मल्लले निर्माण गरिएका दुइवटा अभिलेख छन् जुन अभिलेख पुरातत्व विभागको स्मारक कार्यालय मुनिको हरिशंकरको मन्दिर-को प्रवेश द्वारको भित्तामा र अर्को अभिलेख थंथु दरबार हाल नगर पालिका कार्यालय भैरवको मन्दिर अगाडिको सिद्धि लक्ष्मी देवीको रातो एकतल्ले मन्दिरको पछाडिको भित्तामा उत्तराभिमुख अवस्थामा छ। त्यस शिलापत्रको ने. सं. ७८२ (वि. सं. १७१९) वैशाख संक्रान्तिको दिनमा धासापा भन्ने जोगी चक्रदिने वा जोगीहरूको भोज वितरण गर्ने गर्दथ्यो। अर्को सोनापत्र एउटा तलेजु मन्दिरको राजा भूपतीन्द्र मल्लले निर्माण गरेका मन्दिरका प्रवेश द्वारको बाँया कोणमा छ जसमा बडादशैंको कोलु क्यात जात्राको समयमा, घोडे जात्राको समयमा र बिस्केट जात्राको समयमा तीन पटक बत्ती बाल्नका निमित्त २४ रोपनी जग्गाको कीर्ति राजा जगतप्रकाश मल्लले राखेका थिए। उपर्युक्त दुइवटा अभिलेखमा यो स्नेह मण्डप निर्माण गराई ने. सं. ७८१ (वि. सं. १७१८) मार्ग १८ गते नै अर्पण गरी तलेजु भवानीलाई चढाएको उल्लेख थियो।

## उपसंहार

भक्तपुरको इतिहास अध्ययन गर्नेहरूले भक्तपुरको मूलचोक प्रवेश भएपछि त्यहाँ भएका अभिलेखहरूबाट अवगत गर्न र शिक्षा हासिल गर्न पाउने छन्। यस अध्ययनले मल्लकालीन अवस्थाको कला, धर्म र संस्कृति-हरू यति फष्टाएका छन् भन्ने ज्ञान प्राप्त गर्न पाउने छ। त्यहाँ अद्यावधिक अप्रकाशित अभिलेखहरू पनि थुप्रै छन्। मूलचोकको तलेजु भवानी विराजमान हुने पूर्व पश्चिम मन्दिरको दोस्रो तल्लामा भएका ५ वटा ससाना झ्याल-हरूका तोरणको गुमौजमा भएका पढ्न अलि मुश्किल छ जुन राजा जितामित्र मल्लले स्थापना गरेका तोरणले छोपी राखेको थियो। त्यसै ५ वटा तोरण सहितका ससाना झ्यालहरू छन्। ती झ्यालहरूको तोरणको गुमौजमा राजा जीत मल्ल र प्राण मल्लका अभिलेखहरूमा यो झ्याल र तोरण चढायौं (दु'ता) भनेर उल्लेख गरेका छन्। तलेजु भवानीको मूलचोकमा भएका अभिलेखहरूमा आजसम्म प्राप्त हुने अभिलेखमा पहिलो मानेका छन्। यो अभिलेख संयुक्त शासन भएको बेलामा भवानीको जीर्णोद्धार गरी यी झ्यालहरू प्रतिस्थापित गरेका हुन् भन्ने देखिन्छ। इतिहासमा यो अभिलेखको प्रतिलिपि प्रकाशित भएको छैन। यसको केही विवरण धल पौमा मात्र उल्लेख थियो।

---

२. संशोधन मण्डल, पूर्णिमा, अंक १०, पृष्ठ २७।

# प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल–भोट युद्धका ऐतिहासिक सामग्री

(गताङ्कको बाँकी)

<u>वैशाख वदी ४ रोज ६</u>

श्री प्राइममिनिष्टरका हजुरमा श्री मिनिष्टर जनरलबाट चह्लाई पठायाको षुवुवाट्म्याटि लेलामा र श्री गोरखनाथ पल्टनका सिपाहि जना २ लाई येसैका साथमा टिगरिसम्मको षवर वुझ्नु भनि पठायाको थियो, उनिहरुले ल्यायाको षवरमा कुकुरघाटदेषि झुगालाई ३ दिनमा पुग्न्या रहेछ १ दिन हिवैहिउ हिड्न पर्न्या रहेछं वहापछि षोलैषोला तेर्छो बाटो हिडी विचमा ८ साघु भयामध्ये २ सांघु भत्कयाको रहेछ हिउले पुऱ्याको रहेछ हिउले मात्र बाटो रोकन्या रहेछ. विच बाटो रोकिन्या रहेन छ. २ दिनका वाटालाई घासदा रुवा पाइन्या रहेनछ न ज्यान छ झुगा पुग्न्यावेलामा किल्लाको मुषमा पुग्यापछि ४ जना मानिस आई जाहा वाहिर नवस. हिड माथि भनि हाम्रा सिपाहिलाई ढेवा भयाको ठाउंमा लगेछ र किन आयौ भनि ढेवाले सोध्दा के छ कसो छ भनि षवर वुझ्न पठाया र आञ्यु भनि हाम्रा सिपाहिले भनेछ र जाहा माथि निरको षवर केही आयाको छैन. जाहा रैयेत र केही भाग्या केहि छन् फौज आयो भन्यादेषि हामि हात जोडनु पनि सक्तौन लडन पनि सक्तौन फौज आयो भन्या हामी छोडी जांछौ भनि हाम्रा मानिससंग भनेछ. झुगादेखि पर ३ दिनको बाटोमा डीगुर भन्याको जगामा जान्याले ल्यायाको षवर टंकेलि लामालाई मार्‍यो भनि षवाले सुनेछ र सेठा काजिलाई मारि हामी छोडदौन भनी ३००० मानिस ली आयाको छ भनि षवर ली आयेछ गोर्षालिसंग हाम्रो क्या पऱ्याको छ गोर्षा लड्लाता हामि पनि लडौला गोर्षा लडोइन त हामी पनि लडदौन हाम्रो लामालाई येसले मार्‍यापछि येसलाई हामी नमारी छोडन्या छैनौ भन्छ सेठ्याजि र ल्हाच्यौमा छ भन्या षवर ली आयेछ. झुगाका अर्थलाई हिउले मात्र रोक्याको रहेछ घाम २।४ दिन लाग्यो र हिउले छोड्यो भन्या सरहुन्याछ भन्या वेहोराको अर्स्ति लेषि चह्लाई पठायाको हो. श्रीनाथसंगका ३ पल्टन पुग्यापछि हिउले बाटो छोड्यासर गर्नु भन्या मर्जि आयाको भनि पल्टन पनि आयाको छैन हिउले पनि छोड्याको छैन, झुगाका अर्थलाई अरुहरुलाई पनि पठायाको छ. सलतन पनि वांधी सक्याको छ. हिउले छोड्न्या वित्तिकै सरहुन्या छ. हजुरका अकवालले सये पचास मात्र पठाई वक्सनु भया पनि सर हुन्या छ. हजुरको जैले मर्जि आउंछ सर हुन्छ अैह्ले र हाम्रो दोभास्या रामनारान र सुवेदार सम्सेर ज्मादार जैगज लिम्वु झुगामा वस्याका छन ४।५ जना मानिस वस्दा पनि केही गर्न भन्न सकेन भन्या उसले सौ पचासले पनि सर हुन्याछ भन्या विन्ति चह्लाई पठायाको

हो. हजुरको मर्जि नम्राई पठाउन्या छौं. सलतनका अर्थ-लाई आफूले जान्यासम्म बाँधी सक्याको छ. मानिस पनि झुगामा बस्याका छन् जसलाई पठाई बक्स्या पनि सर हुन्या छ मुकाम पाँसिटार शुभम्—

पुर्जी

टकेली लामालाई सेठ्याकाजीले मारी पोल्याको हाड र रौं वर्षति लाग्छ यो औतारि लामा हुन् भनि भोटमा अलि अलि वांडी ली सबैले जंदमा हाली लिरहेछ केरुमा पनि येक जनासंग मैले पनि देष्या

वैशाष वदि ४ रोज ६ मा

श्री प्राइममिनिष्टरवाट श्री मिनिष्टर जनरलके लेषि गयाको लामाहरुका गुम्वा र झुगामा वस्न्या गुम्वाको तायेदात गर्नलाई राष्याको छ भनि लेष्याका कुरामा तायदात ठहर्दैन लुट ठहर्छ यो कुरा वेमुनासिव ठहर्छ भनि लेषि वक्स्याका कुरालाई मुनासिव मर्जि भयो तर मैले लायाको काम सुनाचांदि घ्यु चावल नगद जिनिसमा तायेदात गर्न लायाको होइन जस्तो हाम्रो गुठी सदावर्त हो उस्तै घ्याङ गुम्वाका लामा वस्याका रह्या छन् इनैका तालुकमा गाउं मानिस चौरी भेडा गदाहा षचर रहदो रह्या छन् हामि केरु पुग्यापछि सवै लामा घ्याङ गुम्वा झुगाका गुम्वाका मानिस भेट गर्न आउदा अइन वमोजिम मोहर दस्षत वाचि सुनाउंदा षुसि भै धोक हालि ह्मामीले क्या गर्नु पर्छ भनि सोध्दा तिमीहरुले २ फेरा गुहार दिनु पर्छ. चौरी घोडा गदाहा षचरले केरुको रसद झुगामा पुर्‍याई दिनु मानिसहरुले टिमुर्‍याको रसद केरुमा ल्याई दिनुपर्छ भन्दा षुसिसंग कवुल गर्‍या र तिमीहरुका तालुकमा चौरी भेडा गदाहा षचर कति छन् भनि सोधदा उनैका मुष जवानले दियाको तायेदात गर्‍याको हो भन्या विस्तार लेष्याका अर्थ वढीया लेष्या छौ. अघिको चिठीमा यो वेहोरा षोलि लेषिन आउदा र लामाका गुम्वा झुगामा वस्न्या गुम्वाको तायेदात गर्न लायाको छ भन्या लेषि आउंदा वेमुनासिव गर्‍या छौ भन्या रीसाई लेष्याको हो चौरी भेडा कति छन् भनि सोधदा उनका मुषले दियाको तायेदात र च्यांआसि देवताको पूजा वन्द हुदा पुजाका भाडा तायेदात गरि पुजाहारीका जिम्मा लाईदिन्या काम वहुत वढिया गर्‍या छौ. येस्मा तिमीदेषि वहुत षुसि भया. चौरी भेडा गदाहा षचरले केरुको रसद झुगामा पुर्‍याइ दिन्या र मानिहरुले टिमुर्‍याको रसद केरु पुर्‍याउन्या यो वन्दोवस्त पनि वहुत वढीया भयेछ केरुमा आड ४ हिसामा ३ हिसा सकियो येक हिसा वाकि छ २ पल्टनले आड वनाउछ येक पल्टन कुकुरघाटमा गै झुगालाई दारुवा वाटन जान्छन् झुगामा घास दारुवा मिल्दो रहेनछ भन्या विस्तार वढीया लेष्या छौ येक पल्टन झुगालाई दारुवा कटाउन्या र २ पल्टन-लाई आड वनाउन लाउन्या काम वेस भयेछ भाग्याको पिपाको कागज पठायाको आइपुग्यो. भाग्याका पिपालाई चौकिमा मानिस थपि दिन्या काम गर्नु फौज चलाउ भन्या आजकाल हिउ पर्नाले पल्टन जान मुस्कील छ भनि लेष्याका कुरालाई तिम्रा तजवीजले फौज नविग्रन्या पाठसंग काम गर्न तिमी जान्यै छौ र झुगामा रसद जमा छ भन्या त्यो रसद सर्कारीया जंगी हतियार षोसि लिनु रैतिका घरमा नलुटनु शुभम्—

वैशाख वदि ५ रोज ७

तस्तै वखत श्री प्राइम मिनिष्टरका हजुरमा श्री जनरल वद्रीनरसिंह कुवर राणाजिले चह्राई पठायाको कप्तान अम्वरसि कुवर राणाजी र ज्मादार हुदा स्मेत १ पट्टी सिपाहि चैत्र शुदी १४ रोज १ मा मुस्ताङ दाखिल भै गोदाम घर आही मुस्ताङ गीरोजाले आफ्नै दर्वारमा दिया नीज घरलाई हर्कट हुन्या छैन हिउले र अजसम्म वाटो षुल्याको छैन आहाका वासिन्दालाई सोध्दा वैशाषका २।४ दिन वाकिमा वाटो षुलछ भन्छन् रसद र जनावरलाई वरावर तगेदालाई रह्याछु झुगा १०।१२ दिनको वाटो रहेछ. वस्ति केहि छैन भंछन् वेगर पालले जानुहुन्या रहेनछ. कस्ता तरहले फौज षजाना लैजान्या हो. वरफ र ठंडीले हामीसंग आयाका मानिस गैह्र वेरामी भैरह्या छन्. तागत कसैको छैन मर्जि वमोजिम भेस छपाई झुगा तरफ पनि क्यातवर रहेछ भनि मानिस पठाउन्या काम गर्‍या छ की सना गाउ हिउले वाटो वन्द हुंदा रसद जनावर आइसकेन. षुल्या पछि तगेदा गरुंला भाउको दरवंदी गरि ७ हजार

आक्पावथा गाउ वाह्र गाउ र ३ हजार मोस्ताङमा रसद ल्याउनु भनि उर्दि दियाको छ अनाज भन्या महंगो रहेछ टिमुऱ्याका दर उठाउ भन्या रसद पुग्दैन जगेरा कति राषनु. रसद कति हजारको षरीद गर्न्या हो मुस्तांगीलाई रसद भर्ना गर्नु र सिपाहिलाई पनि वेसाहा दिनु पर्दा मुस्कील भैरहेछ. सिपाहि पिपा गैह्र र षाना वहार मऱ्यौ दोचावषु नभै हुदो रहेनछ भनि साह्रै कराउंछन् कसो गर्न्या हो भनि मजकुर कपतानले लेषि पठायाको रह्या छन् रसद जनावर इज्ञारमा लेषिया वमोजिम तयारगरि राषनु. अरु कुरा र साधक पठायाको छ जवाफ आया वमोजिम गरौला भनि नीज कपतानलाई लेषि पठाउन्या काम गऱ्या. येस्कुरामा यस्तो गर्नु भन्या चाडो षुलासा सिक्ष्या वक्स्या. सो मुताविक लेषि पठाउन्या काम गरुला. रसदका १० हजारमध्ये श्री भाई लेफटेन कर्णेल जङ्गध्वज कुवर राणाजीले सुनस्मेत ७ हजार दिन्यै छन्. वाकि ३ हजारको सुनस्मेत दिनु भन्या मजकुर लेफटेन कर्णेललाई लेषि वक्स्या वढीया होला मु·तान्सेन शुभम्–

वैशाख वदि ५ रोज ७ मा

ताहापछि श्री प्राइममिनिष्टरवाट श्री जनरल धीर सम्सेर जङ्ग कुवर राणाजीलाई लेषि गयाको आकास्या साघु र वाइस्या भऱ्याङ भत्कायाको अविका पत्रले जाहेर भयो हो फेरी फट्क्या हाली छोस्याङदेषि माथिसम्म वुझ्नु पठाउदा काठको सांघु १ फल्याकका सांघु १ कोठ्या सांघु १ ज्मा सांघु ३ भत्कायाका छन् अव माथितिर झन वाटो विगार्नन् भन्या मनमा लाग्यो र कौनै जुगुतिसंग पनि १ पल्टन कुतिसम्म पठाई वांकि पल्टनलाई रसद वोकाउन्याको चाजो मिलाई फर्कन्या काम गरुला भन्या विस्तार वढीया लेष्या छौ कुतिसर नगरंजिसम्भ तेस्तै गऱ्या छन् चाडो कुतिसर गर्न्या काम गर्नु वांकी ल्हासाका वडा अम्वावाट लेषि आयाको चिठीको नकल र उत्तर लेषि गऱ्याको मसौदाका नकल पठाई दियाको छ. विस्तार तेसैले वुझौला शुभम्–

वैशाख वदि ६ रोज ७ मा

तस्तै वखत श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल धीर सम्सेर जङ्ग कुवर राणाजीवाट चह्राई पठायाको सुकवारका षवर दिनको ७ घडी चढंज्याल पल्टनलाई भात षुवाई तयार गराई घडी ६ चढ्या पछि लडाईमा पल्टन कुच गरि लै गयौं र उस तरफवाट ढुंगाको आड पयेड वांधी सात मुष गरि वंदुकले वरोवर हान्यो हामीले पनि पल्टनलाई वचाउ हुन्या गरी ठाउं ठाउंमा अफिसर राखि पांच मुष गरी लड्यौ उनिहरू वस्याका टिपाटिपामा तोपले र रैफल वंदुकले हान्दा ७ घडीसम्म दोहरो लडाजी भयो. हिउं पनि वरोवर वर्षि रह्या वरोवर १ पनि तोपको र रैफल वंदुकले हांदा र पांच मुष गरि पैली लैजादा टिकन नसकी भाग्यो अघिका अर्जिमा अंदाज लष्कर जवान येति होला भन्या लेषि पठाई पठायाको हो उस्तरफका लस्करका तहकितको ज्मा कुति पुगि महाजन साहुहरू सित सोध्दा टिगरिवाट आयाको अफिसर झपन कप्तानी दर्जाको र नालवन्दी ज्मा जवान ३००० कुतिको र सुना गुम्वा फुटु गुम्वाको झाराली गरी जवान २००० ज्मा जवान ५००० तहकित रहेछ येसमध्ये घाइत्या ५।६ वोकि लै गयो भनि भंछन् अरू र मऱ्याको हिउ ज्यादा वर्सदा तहकित गर्न सकियाको छैन हाम्रा तरफ भन्या गोलि लागि पाषि छेडी गोलि गयेछ लस्करलाई भन्या केही भयाका छैन कुति पुगि वाहा लि गऱ्यौ कुतिका महाजनहरू घर पनि उस्तरफका लस्करले लुटीयेछ. कुति सहरमा भोट्या रैयतहरू येक पनि छैन आज विहान वडार वडारमा लुकिरह्याको भोट्या रैयत पनि झिकाउन्या काम गऱ्या. तिनीहरूलाई हजुरको मोहर दस्षत वमोजिम वन्दोवस्त वांधी सनद गर्न्या काम गरुला. सुना गुम्वामा लस्कर ज्मा भयाको छ भनि भंछन्. हाम्रो पल्टन येक हजार छ. सुना गुम्वामा ३ हजारसम्मको ज्मा गऱ्यो भन्या पनि कुतिमा आडपयेड गरी वस्यापछि केही गर्न सकन्या छैन. वरफ त मसिनो देषिछ. कालो क्तै पनि देषिदैन येस वरफका पाहाडमा कम्वर कम्वर सम्मको हिउमा फाल हालि अफिसरको मिहिनत र सिपाहिको मिहिनतको जिगर हजुरमा काहांतक विन्ति चह्राई आडपयेर वाधन्या जगार आहाको वन्दोवस्त वांधी भोलि तेस्तरफ कुच भै रवाना हुन्या छु शुभम्–

यो कुति जगासर भयाको षवर आई पुग्न्यै मात्र

यो षवर गौडा गौडामा पनि लेषि गैं बढाई भयो जाहा पनि २१ तोपका सलामि भयो–

तस्तै वषत श्री प्राइममिनिष्टरका हजुरमा नाइक्या राम सुन्दरले चह्राई पठायाको वैशाष वदि २ रोज ४ मा ल्हचिजु वाट टिगरि आइपुग्या. टिगरिवाट वैशाख वदि ४ रोज ६ का दिन केरुंको वाटो गरि चरणको दर्शन गर्न आउंछु शुभम्–

वैशाष वदि ६ रोज १ मा

श्री प्राइममिनिष्टरका हजुरमा श्री मिनिष्टर जनरलवाट चह्राई पठायाको षजाना र आगो पानिको वहुत वचाउ गरी सडन नपाउन्या गरि घाममा सुकाई फाट्याका पिपा मर्मट गरि संभारसंग राष्याको थिञ्यां घर वनाई राषनु भन्या मर्जि आउदा किल्ला भित्र २ घर वनाउनलाई आगो पानिको वचाउ हुन्यां गरि तैयार गरी राषन्या काम गऱ्याका रसद राषनालाई दाम दी राजि गराई घ्याङमा राषनु भन्या मर्जि आयाको रहेछ. केरुंमा सर्कारीया घर ठूलो षालि रहेछ र यसै घरमा राष्या वढीया होला भन्या चित्तमा लाग्दा ३०००।३५०० मुरी चावल आइपुग्या.आफु पनि गैं मेजर कपतान भैरव वहादुर पाडे र सुवाधन सुन्दर ढेंवालाई अह्राई साफ गर्नलाई रसद राषन लायाको थिञा रसदका अर्थलाई सड्ला भनि धंदा मानि वक्सनु पर्दैन. टिमुऱ्या रसुवा जो सड्याको सड्यो अबर आफुले जान्यासम्म होसियारी गरि राषन्या काम गऱ्याको छु. जाहाका अर्थलाई आज ३ दिन भयो घाम लागिरहेछ. पल्टन र भाई कां छ आजसम्म आइपुग्याको छैनन्. जाहाका वैरामीका अर्थलाई हाजिर गरी तेरिजको ज्मा-वाट तपसीलका कागज चह्राई पठायाको छ. जाहेर होला भगुवाका अर्थलाई अस्तिको चिठीमा नाउ वतन पछी खोली पठाउनु भन्या मर्जि आयेछ षोलि चह्राई पठाउन्या काम गरुंला झुगा तिरको षवर र हाम्रो दोभास्या राम नारान र सुवेदार सम्सेर ज्मादर जैंगज लिम्वुलाई पठायाको छ. उनिहरूको षवर आया पछि निस्तुक लेषि चह्राई पठाउला केरुं देषि उभो र कुकुरघाटदेषि उध्वो वारि पारि गरी ५।७ वडा वडा रमाइलाटार रह्या छन्. तिटार माकुला पनि चल्दा रह्या छन् तलाउ पनि कहिंकहिं छन्. वनाउ भन्या पनि हुन्यारहेछ. उनै तारका माझामा आड् वनायाको छ. उपजनिलाई र कउडवामात्र पनि वल्ल वल्ल उवजन्या रहेछ हिमालयको अर्थलाई र चुल्हिदेषि फेदीसम्म हिउं पनि पर्दो वरोवरै हुन्छ २।४ दिन घाम लाग्यो भन्या आधासम्म पनि छोड्छ. चुल्हीमा अलिकति वादल देषियो भन्या कैल्हे तारा वदलि हुन्छ कैले हावाले उडाई लैजान्छ घाम पानिको ठेगाना छैन. हिउको चुल्हीचुल्हीमा अनेक लीहु अनेक आकार दुर्वीनले हेर्दा देषिछ. थिर रहंदैन वनका अर्थलाई भैंरौपाति सुनपाति रुद्रस भन्या षोलामा र ब्यासिमा छ. हिमालयेमा र षश्रुदेजा र धुपिका स्वराम हुदा. हिउको संजाफ देषिन्छ सिकारका अर्थलाई षासि षोलामा वहं षन्या ठाउ जस्तामा कस्तुरी वनेल कालीजको सिकार छ. हिउंका जोरजोरमा झारल डांफे विलि म्याफ गरास चिहिरको सिकार रहेछ. भिरमा घोरल भालुको सिकार छ वाघ पनि छ भंछन् देष्याको छैन. सिकार षेलनालाई र माथि गया जारो र दम वढदो रहेछ. ब्यासिमा र षोला गड्याको छिज्याको रहेछ. चिठी लेषन्या वेलामा सिभुका लामा र चेटुले टिगरिवाट लेषि पठायाको चिठी आइपुग्दा वेजीनी सैताहा चह्राई पठायाको छ मुकाम पाङसि टार शुभम्–

लस्कर वेरामी ज्मा जवान– १३५

वैशाष वदि ६ रोज १ मा

श्री प्राइममिनिष्टरका हजुरमा श्री मिनिष्टर जनरलले चह्राई पठायाको झुगा जान्यां हाम्रो दोभास्या रामनारान र सुवेदार सम्सेर ज्मादार जैंगंज लिम्वु पनि वैशाष वदि ६ रोज १ मा आइपुग्यो झुगावाट ल्यायाको इनका मुष जमानको षवर झुगा जादा जघार साघु गरि ज्मा २८ तर्नु पर्दोरहेछ, हिउ भन्या आजकाल वाटामा २ कोस २।। कोस पर्न्या रहेछ. अरु नागि पर्दछ दम वढछ भंछन् किल्ला भन्या मजगुटि रहेछ मकवानपुर भन्दा कम छैन ढोका २ छन् मजगुत छ किल्ला भित्र इनार पनि छ घर भन्या ८०।१०० को अंदाजी ६ हजारलाई राषि सिपाही वस्नु भन्या ठाउ छैन पाल टांगन पनि किल्ला भित्र ठाउ रहेनछ. परषाल भत्कायाको पनि वनाउन लागिरहेंछ. ढेवाहरुले पनि हाम्रा मानिससंग भेट गरेनछ. हाम्रा मानिसले पनि भेटन गयेनछ. दुनियाहरू भन्या किल्ला भित्रका मानिस सवै भेटन आयेछन्. दुनियाले भनेको कुरा हामी मिल्यौ भन्या माथिको डरलाग्छ तिमीहरू आयौ भन्या हामीलाई माथिको डर हुन्या थियन भन्या अभित्र कुरो रहेछ मेरा

तजवीजले भन्या भाई जनरल जगत सम्सेर जङ्ग र पल्टन आइपुग्या पछि भैरवनाथ जंगनाथ पल्टन २ लाई तोप २ वम १ गरि रसद दारुवाषानाको वस्दोवस्त गरि पिपाषलासि पछिवाट आउन्या सिपाहि आहाका रैयेत चोरी घोडा गदाहा पचरको ताकित गरि आहा भाई श्री जनरल जगत्सम्सेर जङ्ग कुंवर राणाजीसंग २ पल्टन र मसंग ल्यायाको दोभास्या राम नारान भन्याको केरुमा पनि वेस सलतन गऱ्यो आज झुगामा पनि वेस सलतन गरी आयेछ र तेसलाई रोजको रुपिया गरि भाई जगत्सम्सेर जङ्ग संग राषि दिया झुगामा पल्टन जादामा पनि साथमा जान्या छ. सलतन गर्न्यालाई वेस रहेछ. भाइसंग पल्टन रहेछ १ पल्टन पाला सग रसदको ताकिति र वोकन्या गर्ला १ पल्टन चौकि र दारुवा काटला मेरा चित्तले झुगा ठुले किल्ला रहेछ उस्को ५००।१००० फौज वस्यो भन्या हाम्रो १०।८ हजारलाई मुस्कील पर्न्याछिन् भन्दा अैल्हे र औसर पर्न गयाको देषदा षटाउन्या काम गऱ्या. अयेनमा पनि किल्ला षजानाघाट् सर गर्नु भन्या हुनाले मैले अफिसरलाई कमान दिआ. भाई जनरल जगत्सम्सेर जङ्ग कुवर राणाजी आइपुग्न्या वित्तिकै फौज कुच गर्छु थामनु भन्या मर्जि हुन्छ भन्या चाडो चाडो जवाफ पठाई वक्स्या थामन्या काम गरुंला पल्टन र जनरल भाई भन्या आजसम्म आइपुग्याका छैनन्. मुकाम पासिटार. शुभम्—

वैशाख वदि ६ रोज १ मा

श्री प्राइममिनिष्टरवाट श्री मिनिष्टर जनरलके लेषिगयाको षवर पठायाका मानिसले ल्यायाको झुगा तरफको षवर विस्तार लेषि पठाउन्या काम वढीया गऱ्या छौं, तिमी ताहा वस्तैमा यो चिठी ताहा पुग्यो भन्या श्री पुराना गोरष १ श्री भैरवनाथ पल्टन १ ज्मा पल्टन २ र हलुका चार तोप पठाइ झुगाको किल्लासर गरि किल्लामा वलियो मजगुत गरि वस्नु लाष फौज आया पनि प्राण दि किल्ला नछोडनु भनि अह्राई पठाई किल्लासर भै मजगुत गरि वस्नु भन्या समाचार आया पछि तिमीले यटा आउन्या गर्नु आफुले नवढनु. केरुमा वस्नु जति सक्याको रसद झुगा पठाउन्या तकिप वांधि दिनु किल्ला भित्र रसद षजाना रापदा वहुत संभारसंग तजवीज गरि राषनु भनि अह्राई पठाउनु. तिमी येस्तरफ हिड्या पछि. यो चिठी पुग्यो भन्या यो वेहोरा सबै भाई जनरल जगत्सम्सेर जङ्ग कुवर राणाजीलाई लेषि पठाई तिमीले आउन्या काम गर शुभम्–

वैशाष वदि ७ रोज २ मा

तस्तै वखत श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल जगत्सम्सेर जङ्ग कुवर राणाजिवाट चह्लाई पठायाको आजका १२ घडी दिन वांकि छंदा म पनि केरु आइपुग्या श्री मिनिष्टर दाज्यैज्यूको दर्शन गरि वोलाहातको मोहर चह्लाआ श्री मिनिष्टर दाज्यैज्यूवाट पनि हजुरमा विन्ति चह्लाई पठाया वमोजिम झुगा जान्या तजवीजको उर्दि सवै सुनाइ वक्सनु भयो. सो बमोजिम मैले पनि पल्टनलाई उर्दि दिआ चौरी घोडा गदाहा षचरको ज्मा गरि तेरिजको कागज वक्सनु भयो. सो वमोजिम मैले पनि रसद वोकाई हिडाउन्या काम गर्छु श्री आहाको षवरका अर्थलाई केरुको छोटा वडा रैयेत र घ्याङ गुम्वाको लामाहरू सवै ज्मा भै आधा कोससम्म वरावर लस्करका ताति लागि लिन आया. आया रह्याको पल्टनले पनि लिन आया. श्री मिनिष्टरका दाज्यैज्यूवाट आड वनायाका वहुतै वढीया जगा हेरी वक्सनु भयाको रहेछ. केही नसिद्धियाको काम तयार गर्छु. किल्लाभित्र षजाना राषन्या घर ३ पनि वहुतै वढीया जगा हेरी वनाउनु भयाको रहेछ. छाउनी पनि पल्टनलाई तजवीजै सित ठाउं ठाउंमा विकट स्मेत गरि राषि वक्सन भयाको रहेछ ९ सैये केरुका लामा मुषिया मध्ये १०।११ जनाले आई षाता भेटको सलामी राष्या मुकाम पासिटार शुभम्—

वैशाख वदी ७ रोज २ मा

तस्तै वषत श्री प्राइममिनिष्टरका हजुरमा श्री विर्गेडियर जनरल षड्ग वहादुर कुवर राणाजीले चह्लाई पठायाको हामीले आहावाट लंगुर पार चेवा पठायाको मानिस आइपुग्यो. चेवाले भन्याको षवर फर्द लेषि हजुरमा चह्लाई पठायाको छ जाहेर होला तेस्तरफको पनि हजुरमा जाहेर भयो हो आजसम्म मैले आहा गर्न्या कामकाज र वलांचुको पनि चाहिन्या वन्दोवस्त वेहोरा गर्नालाई आहा वस्याको थिआ अवर यो षवर चेवाले ल्याया पछि अव मैले पनि जान्या हो

भनि पल्टन षजाना असवाफ पनि रवाना गर्दछु. म पनि वैशाषका ४ दिन जांदा आदित्यवारका दिन श्री सम्सेर दल पल्टनको रैट् तुहन र श्री जङ्ग पल्टनसाथमा ली जान्या काम गर्छु. वालुचुंमा पनि आड् छाउनी तयार भयाको छ मकाम धनकुटा शुभम्-

षास मित्र परि आयाको लंगुर पारका विस्तार

श्री जनरल जगत सम्सेर जङ्ग कुवर राणाजीका विठीको उप्रान्त लासाको मुल्काजि सेठ्या डिगर्चा आयेछ र डिगर्चाको औतारि लामाहरुले काहा जान आयौ भनि सोध्या छन्. गोरखाका चौरी भेडा हाम्रा भोटले लुटि ल्याया छन्. गोर्षाले लडाञी गर्न आट्यो भन्या सुनियो र केरुसम्मलाई जाचबुझ गर्दा गोर्षाले लडन आटेछ भन्या हामीले सहि छुन्या छैन. हामीले पनि लडाञी गर्न पर्ला भनि तेसैं सेठ्या काजिले भन्या येस कुराको जांचबुझ गर्न आहावाट काजि पठाउला र लडनै पर्न्या षवर ल्यायो भन्दा लस्कर ली पछि जान्या काम गरुंला भनि डिगर्चाका औतारि लामा काजिहरूले भंदा पनि नमानि ३ हजार लामाहरु लाई आठ आठ आना दान दक्षिणा गरि केरु तरफ गयेछ. डिगर्चाको जोक्र्या भन्याको काजीलाई घोडा फौज स्मेत ली टिंग्या षलंगामा जाइ चेवा चर्चा बुझी आफ्नु मजगुनि संग वस भनि षटाई गयेछ. रैतानमा पनि २ घरको १ जना कारागरि राषेछ. ह्लासादेखि कुतिकेश र टिंग्या षलगासम्म वरोवर घोडाको डाक राषी तयार भै वस्याको छ ह्लासा डिगर्चामा वस्याका हाम्रा नेवार महाजनहरुलाई पनि आहा नवस जाउ भनेछ र भरिया षोजि आउ भन्दा भरीया हटवी दियेछ भनि चेवा जान्या मानिसले विस्तार गऱ्याको छो–

वैशाष वदि ७ रोज २ मा

ताहा पछि श्री प्राइममिनिष्टरवाट श्री विर्गेडियेर जनरल षड्गबहादुर कुवर राणाजीलाई लेषी गयाको लगुर पार षजाना असवाफ लैजानालाई पल्टन कंपनीका पिपा षलासि जमा चार सये पिपा षलासिले नपुग्दा ताहांका सुवाराई मोहरिया मझिया थरि क्रिपटीयाहरुसंग म सल्लाह गरि षजाना वोकनालाई घरहि १।१ जना भरियाको वन्दोवस्त वांधन्या काम वहुत वढीया गऱ्या छौ. यो अकल झिकि भरियाको वन्दोवस्त गऱ्याको कुरा लेषि आउदा तिमीदेषि वहुत षुस भया. मैले ताहा गऱ्यौ गऱ्याका सुवेदारलाई श्री ५ सर्कारवाट दर्माहा मिलन्याछ भनि लेषि आउंदा मर्जि वमोजिम सुवेदारलाई सुनाउन्या काम गऱ्या भनि लेष्याका कुरालाई येक सुवेदारलाई आहावाट मिलन्याछ अर्को सुवेदारलाई भन्या आहावाट दर्माहा मिलन्या छैन येक सुवेदारलाई मात्र सुनाउन्या काम गऱ्या वढीया होला सुषिमका राजाका कुरालाई आहावाट लेषी गया वमोजिम तरनसल्लह षातिर दारीको तिम्रो चिठी लेषी पठाउन्या काम वढीया भयेछ. चेल्या दर्शक तिलक प्रसाद स्मेत रांगा हान्याका तपसिलका फर्दर टिका भेट मोहरु २ आइपुग्यो श्री हिमालय ध्वज पल्टन चैत शुदि १० रोज ४ का दिन पुगेछ वढीया भयो. वलाङचुमा फौज षजाना रवाना गर्नालाई १।१। २।२ दिनको तफावन गरि तजवीजसंग अफिसर पगरि स्मेत रवाना गर्न्या काम वढिया गऱ्या छौ. वलाचुं जानालाई चाहिन्या मानिस सिपाहि राषि जानु पर्छ. पल्टनका नीसान पनि रहन्या. श्री हिमालयेध्वज श्री जङ्ग पल्टनका जागीर असुल तहसिल तहविल पनि आहा रहन्या उठी नसक्याको जगेरा षजाना पनि आहा राषनु पर्न्या छ. कोत तहविलका पहरा चौकिलाई र मुलुकका असुल तहसिललाई सिपाहि कतिसम्म राषि जान्या हो भनि लेष्याका कुरालाई पल्टन पिच्छे १०।१० सिपाहि र ताहाका राइ सुवाहरुलाई पालासंग रहनु भन्दा वंदोवस्त वांधी राषन्या काम गऱ्या वढीया होला. साविकका कारिन्दाको दस्षतका मसौदा आइपुग्यो. तेस्मा छाप गरि पठाइ दिन्या काम गरीयला. ह्लासाका अम्वावाट लेषि आयाको विठीको नकल र जवाफ गयाका मसौदाको नकल पठाई दियाको छ तेसैले विस्तार बुझौला. वाकिलिस्ति तरफ गयाका श्रीकाली वक्स वर्द्धवानी पल्टन २ र श्री जनरल धीरसंसेर जङ्ग कुवर राणाजी, कम्पाण्डर कर्णेल पृथ्वीध्वज कुवर राणाजीहरु छोस्यांसम्म पुग्याको रह्याछन् टीगरीवाट अफिररूपन भोट्या सिपाहि ३००० सुनागुम्वा फुटु गुम्वाका झाराली २००० जमा जवान ५००० फौज आई वैशाख वदि ४ रोज ६ का दिन ७ मुष गरि वंदुक पटकाई फयेर गरी लडन आयेछ र उनीहरुले अघीवाट फयेर गर्दा हाम्रा फौजले पनि ५ मुष गरि फयेर गरि लड्या छन् लडाञी हुंदा हुदै हिउ परेछ र कम्वर कम्वरसम्म हिउंल छोपदा मऱ्याको येति भन्या

हिसाव आयाको छैन हाम्रा फौजमा र यौटा सिपाहिको पाखीको वषु छेदी गोलि गयेछ जिउमा कसैलाई केही भयेनछ. हाम्रा फौजमा कति पुग्या छन् भोट्याहरु सवै भाग्या छन् कुतिवाट यो षवर आउदा यो कुति सर भयाको षुसिनामाको श्री पसुपति श्री गुह्येश्वरी श्री गोरखनाथ दिगुतले श्री तलेज्यूमा भेटी चह्राई २१ टोषको वढाई भयो ताहा पनि तोप छ भन्या तोपको वढाई गर तोप नभया पल्टन कंपनीको यक सलंक वढाई गर्न्या काम गर. आज सम्म भोटको र हाम्रो हात जोरियाको थीयेन अव हात जोडी लडाञी भयो ताहा पनि आफ्नु आड पयेड वलियो गरी सिथारिसं गरहन्या काम गर शुभम्—

वैशाष वदि ७ रोज २ मा

यसै वषत श्री प्राइममिनिष्टरवाट श्री जनरल धीर सम्सेर जङ्ग कुवर राणाजीलाई लेषि गयाको टिगरिवाट अफिसर रुपन झा सिपाहि ३००० सुना गुम्वा फुटु गुम्वाका झाराली २००० जमा जवान ५००० लाई वैशाष वदि ४ रोज ६ का दिन ७ मुष गरि वंदुक पटकाई फयेर गरि लडन आउंदा पहिले उसले फयेर गऱ्या पछि हाम्रा फौजले पाँच मुष गरि लडदा भोट्याका ६।७ जना घाइत्या वोकि लैगया. कस्वरसम्म हिउ पर्नाले मऱ्याका यति भन्या निश्चय भयाको छैन हाम्रा फौजमा र यौटा सिपाहिका पाषिको वषु छेदी गोलि गयेछ ज्यूमा कसैलाई केहि भयाको छैन हाम्रा फौज कुतिमा पुग्या पछि भोट्याहरु सवै भाग्या कुति सर भयो भन्या विस्तार लेष्याका अर्थ वैशाष वदि ४ रोज ६ का दिन ९ घडी दिन चडदा अडाञी गरि कुति सर गर्न्या काम वहुत वढीया गऱ्या छौ फौजमा षर्च गरी जितन्याको तारिफ हुन्दैन. आफना फौजलाई वचाई लडाञी जिति कुति सर गऱ्याको वुद्धि जमा मर्दि गऱ्याको देषता म वहुतै तिमी देषि षुसि भञा. ञाहा पनि श्री पशुपति श्री गुह्येश्वरी श्री गोरखनाथ श्री दिगुतल श्री तलेज्यूमा भेटी चह्राई २१ तोपको सलामी भयो अवर ताहा लडन आउन्या कुतिका मानिसहरुका हात हतियार वंदुक चापसा कमान भाला छुरी वारूड गोलि रसद सवै ली जमा गरि आफुसंग राषनु. रैतिहरुलाई तिम्रो दस्तावेज वहुतै तरतसल्लह गरी राषनु कुति सहर भित्र पारि वलियो मजगुति गरि आउ वन्याउन्या काम गरि वहुतै हुसियारीसंग फौज राषन्या वढीया होला शुभम्—

ताहा पछि श्री जनरल धीर सम्सेर जङ्ग कुवर राणाजी कुति तरफवाट रवाना भै काठमांडा थापाथलीमा आइपुग्नु भयो

वैशाष वदी ८ रोज ३ मा

तस्तै विच श्री मिनिष्टर जनरलवाट सिभुका पूजाहारी लामालाई लेषि गयाको तिमीहरु टिगरिमा पुगि धैवु संग भेटघाट गरि ञाहा हामीहरुले भन्या वमोजिमको विस्तार गर्न्या काम वढीया भयेछ ढुंगा गाड्याको सिवाना नाघी गोर्षाको फौज आयाको छ तापनि हामीहरू भोटवाट नाफिन्यासम्म गोर्षावाट हात चलाउन्या छैनन् भन्या नाल्वयेसंग विन्ति गर्न्युन समर्थ श्री कान्छा जनरल साहेवको भन्या कुतितिर चढाई गर्न्या तवर छ भन्या षवर सुनिन्छ थामि वक्सनु भया वढीया होला. ञाहा टिगरीमा वन्दोवस्त गर्न सकन्या भोट्या भारादार कोही छैनन् र हामीहरू ल्हासाका वडा अम्वा सकापया छेउ जांछौं हामीहरू नफर्क्यासम्म फौज सिवानामा थामि राषनु होला भन्या विस्तार लेष्याका अर्थ तिमीहरू ञाहावाट जादा हुदि हामीहरुको फौज अैले सिवाना नाघी केरुं तरफ झुगा देषि वढन्या छैन. कुतितिर भैरव लंगुर नाघन्या छैन. भोट कालामा महाजन रैयत गैह्रको लुटपिट हुन्या छैन भोटवाट हतियार नचलाई हाम्रा तरफवाट हात हतियार चलाउन्या छैनन् वैशाषका १५ दिन जांदा-सम्म हाम्रो चित्त बुझन्या गरी भोटवाट घा सलुक गऱ्या भन्या हाम्रा फौज फिर्न्यी आउन्याछ भन्या कुरा गऱ्याको हो. कुति तरफ जान्या फौज छोस्यांमा पुग्याको थियो यसै बीचमा हाम्रा कुतिमा रह्याका महाजनका कोटी ५ भोटका फौजले लुट्याको षबर सुनि हाम्रो फौज कुति तरफ वढदा भोटका फौजका मालिक रूपनले ७ मुष भै फौज ली लडन आई पैले हात छोडदा हाम्रा फौजले पनि हात छोडी लडाञी हुदा ठहर्न नसकी फिरी जांदा हाम्रा फौज कुतिमा पुगिस्हेछ भोटका फौजले अघि हाम्रा महाजनका कोटी ५ लुटी अघि भोटले हात छोडी लडाञी गर्न आयाता पनि हाम्रा चित्त बुझन्या गरि भोटले घा सलुक गर्छौं भनि भन्न आया भन्या घा सलुक गर्न्याछ. हाम्रो चित्त बुझन्या गरि घा सलुक गरेनन् भन्या हाम्रा फौज लडन्या छ शुभम्—

वैशाष वदि ८ रोज ३ मा

तस्तै वखतमा श्री प्राइममिनिष्टरवाट श्री मिनिष्टर जनरललाई लेषि गयाको किल्लाभित्र २ घर वनाई षजाना सुकाई संभारसंग राषन्या र केरूंको ठूलो सर्कारीया पालि घरमा रसद राषन्या काम वहुत वढीया गन्या छौं वेरामी १३५ को पूर्जी पठाया छौ आइपुग्यो झुगा तरफको षवर सहित सिकार हिमालयेको विस्तार लेषि पठाउन्या काम वेस गन्या छौ सिंभुका लामा र चेटुंले तिमिलाई लेष्याको भोट्या अक्षरको चिठी विजिनिस पठाई दिया छौ आई पुग्यो तेस चिठीको उतार कागज र तिमीले लेषि पठाउन्या चिठीको जवाफको मसौदा पठाई दियाको छ सो वमोजिम लेषि तिम्रो छाप लगाई सिंभुका लामा र चिटुंलाई पठाई दिन्या काम गन्या वढिया हूंला झुगा जान्या दोभास्या रामनारान् र सुवेदार सम्सेर ज्मादार जैगंज लीम्वुहरूले ल्यायाको विस्तार लेषि पठाउन्या काम र हाम्रा दोभास्या रामनारान भन्यालाई रोज रुपियाको वन्दोवस्त गरि श्री भाई जनरल जगत्सम्सेरजङ्ग कुवर राणाजीका साथमा राषन्या तजवीज वढीया गन्या छौ रुपिआ रोजको वन्दोवस्त गरि राषिदिन्या काम गर झुगा सर गर्नालाई पल्टन ली भाई ताहा नपुगनाले श्री भैरवनाथ श्री जङ्गनाथलाई तजवीज गरि लेषी पठाया छौ त्यो किल्ला सर गर्नालाई पुराना पल्टन चाहीन्छन अव ता पल्टन ली भाई पनि पुग्या हुन श्री पुराना गोरष पल्टन १ श्री भैरवनाथ पल्टन १ ज्मा पल्टन २ र हलुका ४ तोप पठाई झुगाको कील्ला सर गरि मजगुतिसंग वस्नु भन्या वेहोराको वैशाख वदि ६ रोज १ का दिन तिमी दुई भाइका नाउमा चिठी लेषि पठायाको हो सो वमोजिम गरि झुगा किल्ला सर गर्न्या काम भया वढीया होला शुभम्—

वैशाख वदी ६ रोज ४ मा

तेसै वखत श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल जगत्सम्सेरजङ्ग कुवर राणाजीवाट चह्राई पठायाको आज पुराना गोरष भैरवनाथ पल्टन २ तोप ६ मेजर कप्तान रामआले मेजर कपतान वलभद्र माझी पल्टन ली झुगा गया तोपसंग मेजर कपतान जसधीर सिंह वस्न्यात गया इनी झुगा जान्या सिपाहिहरूले जनही चावल पाथि १ च्यूरा पाथि १ सत्तु पाथि १ ज्मा ३ का दरले साथमा ली हिडाउन्या काम गन्या भोटको जगा आजकाललाई भन्ये हिउंको वेयाम हो भंछन् तर हाम्रो फौजलाई ता आजकालै पन्याका हिउले पनि १।२ दिन थुनीदा रहेछ मेघले गर्दा कसो कसो हुन्छ भनि सिपाहिलाई पनि येसै तजवीजसंग वोकाआ. चौरी घोडा गदाहा षच्चरहरूलाई भारी लडाइ अगाडि पल्टन सत्तरमा तोप फेरी पल्टनला जीमा षजाना जाना लस्करका भरीया चौरी घोडा गडाहा षचर वाहा पछि पछाडी गारद गरी झुगा किल्ला दषल गर्न पठाआ, पल्टन झुगा पुगी झुगा सर भयाका २।३ दिन भया पछि म पनि केरूंवाट झुगा गै रसद वीकटको वन्दोवस्त वांधी फेरी केरूं गैया वस्न्या छु. येस तजवीजले रसद वोकाया दिन यतिसम्म पुग्दो-रहेछ. झुगा किल्लामा जान्या फौजलाई मद्दत कुकुर घाटमा १ पल्टन राष्या केरू पासिटारवाट लस्कर झुगा ५ दिनमा पुग्दा रह्याछन् २ पल्टनलाई केरूंवाट झुगा-सम्म ७ अडा गराई १००।१०० जवान अडा पीछे राषि रसद चलाउन्या काम गन्या ग्रेस्कुराले आहादेषि वोझा वोकाई चलाउदा हिमालयको जगा हुनाले सिपाहिलाई दम वढन्या धपेरि पनि हुन्या कोस डेढ कोससम्म हिउमा पनि हिडनु पर्न्या हुनाले सिपाहिलाई सान्है तकलिफ पर्न्या ठह्न्याआ र येही तजवीजसंग अडा वांधी राषि दिदा सिपाहिहरूलाई पनि आफ्ना आफ्ना डेरा डंडा नछुटन्या अगाडि पछाडि कामदतलाई पनि हुन्या दिन प्रतिको हाल पनि वुझन्या येही तजवीजसंग सिपाहि षलासिलाई रसद झुगामा चलाउन्या काम गन्या श्री केरूंका रैयेतहरूमा कसैं कसैले भन्याको षुलस्त गरि चौरी घोडा गदाहा षचर दिया कोहि कोही ठालुठालुले भन्या अघी तेसरी दियाका छन भनी दोभास्या रामनारान् पान सये षोलाका लिन दिन्या मुषियाले मसंग विन्ति गन्या लुला लंगडा काना षरंडा भारी वोक्न नसकन्या वाहेक हामीले दवाई छपाई राष्यौ भन्या गोर्षा श्री ५ सर्कारवाट लिलाम गर्नु भन्या वेहोराको इनि ठालुहरूसंग मुचुल्का ली थवस्या जो भयाको चौरी घोडी सामेल हुंदा हुन भनि नीज दोभास्या रामनारान लि दीन मुषियाले मसंग

विन्ति गर्दा आषिरमा चौरी घोडा गदाहा दिनु हर्कत ढिल हुन लाग्यो भन्या इनै ठालु रैतिहरूसंग मुलुकका लीउलाकी भन्या जस्तो लागिरहेछ. हजुरका तजवीजमा जो ठहर्छ श्री मेरा हिफाजतलाई मसंग येक पट्टी सिपाहि रहन्या भयो. स्याफ गोदामको रसद टिमुन्या गोदाममा वसार्नालाई भर पान षोलाका भेडा षसिले वसार्न लाउनु भनी सुवेदार लक्ष्मन अधीकारिलाई षटाई राष्याको छ स्याफुका रसद टिमुन्या वसार्न पनि जुलु हुन्या छ दुवै ठाउको रसद टिमुन्या गोदाममा जमा भया पछि केरूंमा चकालनलाई मुस्कील पर्न जान्या छ केरूंका चौरी घोडा गदाहा टिमुन्यामा झर्दा रह्यानछन् पछि फौज सरासर केरूंमा आउदा रसद पुगोइनकी भन्या झैं लाग्छ केरूंमा रसद आजकाल वमेथाकाले पछि आउन्या पल्टनलाई पुग्न जावैन हजुरसंग आउन्या पल्टनमा ३ पल्टन र पिपा होसियार र अफिसर १ अगाडि पठाई डेढ कोसको अडा-बांधी रसद वरावर चलाउदै रह्यापछि भिड पर्न जावैन भन्या मेरो चित्तले देष्या र विन्ति चढायाको हो जो मर्जि सो वमोजिम गर्दा हुन् मुकाम केरूं शुभम्—

(क्रमशः)

# ABOUT THE AUTHORS

| | |
|---|---|
| Dr. Massimo Vidale | —Member-Archaeological Mission to Nepal-Is. M. E. O., Rome. |
| Dr. Francesca Lugli | —Member-Archaeological Mission to Nepal-Is. M. E. O., Rome. |
| Mr. Kul Chandra Koirala | —Research Scholar, Nepal. |
| Mr. Prakash Darnal | —Conservation Officer, Department of Archaeology. H. M. G., Nepal. |
| Mr. Lila Bhakta Munnakarmi | —Research Scholar, Nepal. |

**'प्राचीन नेपाल'** का निमित्त प्राग्–इतिहास तथा पुरातत्त्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, मानवशास्त्र, संग्रहालय तथा ललितकलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ।

रचना संक्षिप्त तथा प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ। तर कुनै प्रकाशित विषयका सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएको भए तिनको स्वागत गरिनेछ।

रचनासंग सम्बन्धित चित्रहरू पठाउन सकिनेछ। रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ। प्रकाशित लेखहरूमा व्यक्त गरिएको भावना वा मत सम्बन्धित लेखकको हो।


महानिर्देशक
**पुरातत्त्व विभाग**
रामशाहपथ
काठमाडौं, नेपाल


Contribution of original nature dealing with pre-historic and field -archaeology, epigraphy, manuscripts, numismatics, archives, art, anthropology and architecture of Nepal and museum and other techniques connected with various aspects of our work are invited to **'Ancient Nepal'**.

The contribution should be concise and well-documented, and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

The opinions expressed are those of the authors and do not necessarily reflect the views of the editor or the Department of Archaeology.

Photographs and illustrations (line drawing) may be sent. The typescript should be in double space and one side of the paper only sent to:


The Director General
**Department of Archaeology**
Ramshahpath
Kathmandu, Nepal.